सुनापति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिकसम्ममा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक




सार्वजनिक सुनुवाइ

**संक्षिप्त प्रतिवेदन**

## आयोजक

**सुनापति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप**

**प्रतिवेदक**

रामचन्द्र वि.क.
अध्यक्ष/प्रहार मिडिया प्रा.लि मन्थली, रामेछाप

**वैशाख २०८३**

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । गाउँपालिकालाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । सुनापति गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिकसम्ममा प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । सुनापति गाउँपालिकाको प्राङ्गणमा २०८३ वैशाख ११ गते सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

***(सार्वजनिक सुनुवाईको तस्विरहरु अनुसुची-१ मा छन्)***

## २. कार्यक्रमको उद्देश्य

- सुनापति गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन तथा सहजीकरण गर्ने ब्यक्ति:** कुमार श्रेष्ठ/कैलाश खत्री/रामचन्द्र वि.क. (प्रहार मिडिया प्रा.लि.)

**सार्वजनिक सुनुवाइको सहजीकरण गर्ने संस्थाको नाम :** प्रहार मिडिया प्रा.लि.

**ठेगाना :** मन्थली नगरपालिका-१, रामेछाप

**सार्वजनिक सुनुवाईको विषय :** सुनापति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिकको अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक :** सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

**कार्यक्रम विवरण**

- मिति : ११ वैशाख २०८३ (शुक्रबार)
- स्थान : सुनापति गाउँपालिकाको प्राङ्गण हिलेदेवी, रामेछाप
- समय : दिनको ११:०० बजे देखि २:०० बजेसम्म (३ घण्टा )

**४. जवाफदेही वक्ताहरु**

- ठुलोकान्छा तामाङ, अध्यक्ष- सुनापति गाउँपालिका
- सुनापति गाउँपालिका उपध्यक्षः- गीता विष्ट
- सुनापति गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृतः सुरेश कुमार श्रेष्ठ
- सुनापति गाउँपालिकाका- १, का वडाध्यक्ष :- ध्रुव प्रसाद चौलागाई
- सुनापति गाउँपालिकाका- २, का वडाध्यक्ष :- पदम थापा
- सुनापति गाउँपालिकाका- ३, का वडाध्यक्ष :- कुल बहादुर थिङ
- सुनापति गाउँपालिकाका- ४, का वडाध्यक्ष :- डन्डुप तामाङ
- सुनापति गाउँपालिकाका- ५, का वडाध्यक्ष :- चित्र बहादुर मानन्धर

***शाखा प्रमुखहरु***

- शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख :- कमल बहादुर बम
- पूर्वाधार विकास शाखा :- प्रविण श्रेष्ठ
- स्वास्थ्य शाखा प्रमुख :- माधव प्रधान
- जिन्सी शाखा प्रमुख :- देव शंकर यादव
- रोजगार सेवा केन्द्र तथा योजना शाखा प्रमुख :- कर्ण बहादुर वि.क.
- कृषि विकास शाखा प्रमुख :- समिक्षा गौतम
- लेखा शाखा प्रमुख :- विनोद चौलागाईं
- पशु सेवा शाखा प्रमुख :- राजुमान घिसिङ
- भूमी व्यवस्था शाखा प्रमुख :- रचना भुजेल
- राजश्व शाखा प्रमुख :- सर्पलाल कोहली
- सामाजिक सुरक्षा तथा पञ्किरण शाख प्रमुख :- श्रीराम ढुंगाना
- प्रशासन शाखा प्रमुख :- रविन्द्र कुरेल
- उद्याम विकास शाखा प्रमुख :- रमेश कठायत

**५.अतिथिहरु**

*कार्यपालिका सदस्य तथा वडा सदस्यहरु*

- हरि माया श्रेष्ठ कार्यपालिका सदस्य
- रामहरी जर्गा वडा सदस्य वडा नं ५
- कमला वि.क., वडा सदस्य वडा नं ५
- चन्द्र तितुङ, वडा सदस्य वडा नं १
- राजेश्वर बोहरा, वडा सदस्य वडा नं ४

***पत्रकारहरु***

- नेपाल पत्रकार महासंघ रामेछाप शाखा उपाध्यक्ष- युनिक बिफा घिसिङ
- नेपाल पत्रकार महासंघ रामेछाप शाखा निवर्तमान अध्यक्ष- बद्री नयाँघरे
- रेडियो तिफदी मन्थलीका समाचार प्रमुख - प्रशान्त हायु
- नेपाल पत्रकार महासंघ रामेछाप शाखा निवर्तमान उपाध्यक्ष- कैलाश खत्री
- हाम्रो प्रहार डटकमका सम्पादक- कुमार श्रेष्ठ

## ६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

| दलित | | जनजाति | | ब्राम्हण/क्षेत्री | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ० | ३ | ७ | २६ | २ | २८ | ९ | ५७ | ६६ |

*(सहभागीहरुको विस्तृत विवरण अनुसूची-२ मा राखिएको छ ।)*

## ७. संचालन प्रक्रिया

*प्रारम्भिक चरण*

### (क) कार्यक्रमको तयारी

सुनापति गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरेका कार्यक्रम तथा सेवा प्रवाहको प्रभावकारिता सार्वजनिक गर्न प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था गरेको छ । सोही उद्देश्यका लागि गाउँपालिकामा सूचीकृत संस्थाहरूमध्ये प्रहार मिडिया प्रा.लि. छनोट भई सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गरेको थियो । दोस्रो चौमासिक सम्पन्न भएपछि गाउँपालिकाले प्रहार मिडिया प्रा.लि.लाई कार्यक्रम सञ्चालनका लागि कार्यादेश दिएको थियो । त्यसपछि गाउँपालिका अध्यक्ष श्री ठुलोकान्छा तामाङ, उपाध्यक्ष श्रीमती गीता विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ तथा प्रहार मिडिया प्रा.लि.का अध्यक्ष एवं सहजकर्ता श्री रामचन्द्र वि.क.बीच कार्यक्रम सञ्चालन सम्बन्धी समन्वयात्मक छलफल सम्पन्न भएको थियो । गाउँपालिकाले कार्यक्रमको मिति, समय र स्थान निर्धारण गरेपछि स्थानीय निकाय सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि, २०६७ बमोजिम आवश्यक तयारी, सूचना प्रवाह, सरोकारवालासँग समन्वय तथा कार्यक्रम व्यवस्थापनका कार्यहरू सम्पन्न गरिएको थियो ।

### (ख) कार्यक्रमको समन्वय तथा व्यवस्थापन

सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा आयोजित पालिकास्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रमको समग्र व्यवस्थापन तथा आवश्यक समन्वय गाउँपालिकाको कार्यालयबाट गरिएको थियो । कार्यक्रमको सहजीकरणको जिम्मेवारी प्रहार मिडिया प्रा.लि., मन्थलीका अध्यक्ष रामचन्द्र वि.क.लाई प्रदान गरिएको थियो ।

कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, शाखा प्रमुखहरू तथा सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग नियमित सम्पर्क, समन्वय र सहकार्य गरिएको थियो । यसबाट कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न आवश्यक वातावरण निर्माण भएको थियो ।


### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन




स्थानीय तहबाट नागरिकलाई प्रदान गरिने वस्तु तथा सेवाहरूको प्रकृति, गुणस्तर, पहुँच र प्रभावकारिताको मूल्याङ्कन गर्न सम्बन्धित ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूको विस्तृत अध्ययन गरिएको थियो । स्थानीय सरकारबाट प्रवाह हुने सेवा-सुविधा कानुनी व्यवस्थाअनुसार सञ्चालन भए-नभएको, नागरिकले प्राप्त गर्नुपर्ने सेवाहरू समयमै र प्रभावकारी रूपमा उपलब्ध भए-नभएको तथा सेवा प्रवाहमा देखिएका चुनौतीहरूको पहिचान गर्न आवश्यक कानुनी तथा नीतिगत दस्तावेजहरूको समीक्षा गरिएको थियो । यस क्रममा स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सुशासन नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि, २०६७, सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधिहरूको गहन अध्ययन गरिएको थियो । उक्त अध्ययन आयोजक संस्था, समन्वयकर्ता कम्पनीका प्रतिनिधिहरू तथा सहजकर्ताद्वारा संयुक्त रूपमा सम्पन्न गरिएको थियो । अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा स्थानीय तहले कानुनी व्यवस्था अनुरूप सेवा प्रवाह गरे-नगरेको अवस्था, सुधार गर्नुपर्ने पक्ष तथा नागरिक अपेक्षाहरूलाई सार्वजनिक सुनुवाइको छलफलमा समेट्ने आधार तयार गरिएको थियो ।

### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

सुनापति गाउँपालिकाद्वारा  आ.व २०८२/०८३ को दोस्रो चौमासिकको अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रामेछाप जिल्लाका रेडियो एफ्.एम्.हरु, विभिन्न अनलाइन मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन तथा प्रशारण गरिएको थियो । त्यस्तै कार्यक्रमको सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लि.द्वारा संचालित हाम्रो प्रहार डटकमबाट पनि एक हप्ता अगाडी नै सूचना प्रकाशन गरिएको थियो । गाउँपालिका कार्यालय परिसर र वडा कार्यालयहरुमा कार्यक्रम हुने स्थल सहितको सार्वजनिक सुनुवाईको सूचना फेलेक्समा प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु, गाउँपालिकामा रहेका संघसंस्था, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछाप तथा पत्रकारहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो ।



*कार्यान्वयन चरण*

### (क) कार्यक्रमको सुरुवात, अथिति आशान ग्रहण र कार्यक्रमको उद्देश्यको बारेमा जानकारी

सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवीको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । प्रहार मिडिया प्रा.लि. मन्थलीका प्रतिनिधि कुमार श्रेष्ठ र रामचन्द्र वि.क.ले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गरेका थिए । त्यसपछि कार्यक्रमका सहजकर्ताले सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको बारेमा प्रकाश पार्दै सहभागी सबैलाई कार्यक्रममा सक्रियताका साथ सहभागी बन्न अनुरोध गरिएको थियो ।

### (ख) आ.व. २०८२/०८३ को दोस्रो चौमासिकको प्रगति विवरण

सार्वजनिक सुनुवाईमा सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठले आ.व २०८२/०८३ को दोस्रो चौमासिकको अवधिसम्म गाउँपालिकाबाट भएको आय, ब्यय तथा समग्र प्रगतीको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । *(प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको विस्तृत विवरण अनुसुची-३ मा उल्लेख छ ।)*

### (ग) नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि) र बहिर्गमन अभिमत संचालन तथा सार्वजनिक

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुको प्रत्यक्ष सहभागितामा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । सोही अनुसार गाउँपालिकाका ५ ओटै वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा पुगी त्यहाँ आएका ४० जना सेवाग्राहीसँग कुराकानी गरेर उनिहरुको अभिमतलाई नागरिक प्रतिवेदनमा समावेश गरी सार्वजनिक सुनुवाईको दिन उक्त फाराममा भएका तथ्यांकहरुलाई संयोजन गरी नतिजा सार्वजनिक गरिएको थियो ।

**निष्कर्ष:** कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालयबाट उपलब्ध हुने सेवाको बारेमा बुझ्दा र वडाको विभिन्न ठाउँमा पुगेर सेवाग्राही सँग लिएका अभिमतमा पालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह र विकास निर्माणका कार्य हुँदा जनप्रतिनिधि र कर्मचारीले गरेका राम्रा काम र सुधार गर्नु पर्ने पक्षका विभिन्न बुँदाहरु नागरिकले दिएका र त्यस्ता सुझावहरुलाई सार्वजनिक सुनुवाईमा सम्बन्धित निकायको ध्यानकार्षण गराइएको थियो । *(विस्तृत नतिजा अनुसुची-४ मा उल्लेख छ ।)*

### (घ) हाकहाकी बहस, प्रक्रियात्माक भनाई र जिम्मेवार बक्तहरुबाट धारणा

कार्यक्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि नेपाल पत्रकार महासंघ रामेछापका उपाध्यक्ष युनिक विफा घिसिङ र निवर्तमान अध्यक्ष बद्री नयाँघरे र राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि लगायतले सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा सँगै, प्रश्न र सुझावहरु राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरुका सम्बन्धमा गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङले सहभागीहरुले

सार्वजनिक सुनुवाई तथा नागरिक अभिमतमा स्थानीयहरुले राखेका मुख्य मुख्य जिज्ञासालाई सम्बोधन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

**८) कार्यक्रममा भएका सवाल जवाफ/बहिर्गमन अभिमत मार्फत र अतिथिहरुले राखेका प्रश्न तथा सुझावहरु**

क) सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १ | डेमा लामा<br>वडा नं २ | वडा कार्यालमा विभिन्न शिर्षकमा उठाइने कर नियम अनुसार नै उठाइएको होला तर, सेवाग्राहीलाई राम्रोसँग बुझाउन नसक्दा धेरै कर भयो कि भन्ने दुविधा भएको हुँदा कर शिक्षाका कार्यक्रमहरु संचालन गर्नु पर्‍यो । | गिता विष्ट<br>उपाध्यक्ष | स्थानीय तहले उठाउने करको बारेमा हामीले कानून अनुसार उठाउने हो । हामीले बनाउने कानून प्रदेश र संघीय सरकारले बनाएका कानूनसँग नबाझिने गरी बनाउनु पर्ने हुन्छ र हामीले सोही अनुसार कानून बनाएका छौं । राजश्व किन उठाउने, कसरी उठाउने र उठेको राजश्व कहाँ खर्च हुन्छ भन्ने जस्ता कुरामा करदाताहरुलाई बुझाउन जरुरी देखिएकाले आगामी आर्थिक वर्षमा कर शिक्षा कार्यक्रम लिएर नागरिकहरुको घरदैलोमा जाने कार्यक्रम बनाउँछौं । |
| | | | सुरेश कुमार श्रेष्ठ<br>प्रमुख प्रशासकीय अधिकृत | प्रदेश र संघीय सरकारले निर्धारण गरेका करका दरलाई हामीले चलाउन पाउँदैनौ र उनिहरुले तोकेको कर उठाउनै पर्ने हुन्छ । सोही अनुसार कर उठाउने गरिएको हो भने स्थानीय सरकारले बनाउने कानूनका विषयमा गाउँसभाले पारित गरेर बनेका कानून अनुसार उठाउने गरिएको हो । यदि करको दर बढी भएको हो भने गाउँसभामा छलफल गरेर संसोधन गरेर समायोजन गर्न सकिन्छ । यि सबै कुराको जानकारी दिने गरी गाउँपालिकाले नागरिकहरुको चेतना बृद्धिको लागि जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने छौं । |
| | | | पदम थापा<br>वडाध्यक्ष,<br>सुनापति वडा नं २ | तोकिएको कर भन्दा वडा कार्यालयबाट उठाइएको छैन् । उठाइएको करको तुरुन्तै रषिद् उपलब्ध गराइने गरिएको छ । आगामी दिनमा आम नागरिकको सहभागितामा करको बारेमा जानकारी दिने गरी कार्यक्रमहरु आयोजना गरिने छ । |
| २ | कपिल तामाङ<br>वडा नं ३ | कतिपय विद्यालयको कक्षा घटुवा भएको छ । यो किन गरियो ?, घटुवा नै गर्ने हो भने अर्को विद्यालयमा जानको लागि विद्यालय बसको सुविधा दिनु पर्‍यो । र गुणस्तरीय शिक्षामा पनि जोड | ठुलोकान्छा तामाङ<br>अध्यक्ष<br>सुनापति गाउँपालिका | कक्षा घटुवा भएका विद्यालयहरुको बारेमा भन्नु पर्दा विद्यार्थीको संख्या कम हुँदै गएपछि कक्षा घटुवा गरेर शिक्षकको दरबन्दी व्यवस्थापन र उनिहरुले पाउने गुणस्तरीय शिक्षाको बारेमा सहयोग पुर्‍याउने उद्देश्यले गरिएको हो । गाउँपालिकाले बस किन्न सक्ने रहेछ तर, नियमित संचालन गर्न सक्ने आर्थिक श्रोत नभएको कारण बसको सुविधा गर्न सकिएको छैन् । त्यसको विकल्पमा कतिपय विद्यालयहरुमा विद्यार्थीहरुलाई आवासको समेत सुविधा उपलब्ध |

| | | | | |
|---|---|---|---|---|
| | | दिनु पऱ्यो । | | गराइएको छ । जसको कारण एक विद्यालयबाट अर्को विद्यालयमा जानको लागि विद्यार्थीहरुलाई ठूलो समस्या छैन् । गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिकाले विगतदेखि नै विभिन्न कार्यक्रमहरु संचालन गरीरहेको छ । जसको उदहारण डहु माविलाई लिन सकिन्छ । र शिक्षालाई गुणस्तरीय बनाउन सुनापति गाउँपालिकाले आगामी कार्यक्रमहरु पनि ल्याउनेमा प्रतिवद्धता व्यक्त गर्दछु । |
| ३ | बद्री नयाँघरे निर्वतमान अध्यक्ष, नेपाल पत्रकार महासंघ रामेछाप | सुनापति गाउँपालिकाले सुशासन, पारादर्शीता रजफादेहीताका लागि आम नागरिक र सरोकारवालाहरुलाई समेत सहभागी गराएर नियमित रुपमा गर्ने गरेको सार्वजनिक सुनुवाइले गाउँपालिकालाई थप सुशासनमैत्री बनाएको छ । आगमी दिनमा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन जरुरी छ । साथै कार्यक्रममा धेरै भन्दा धेरै नागरिकको सहभागिताको लागि कार्यक्रमलाई रचनात्मक रुपमा संचालन गर्नु पऱ्यो । | | |
| ४ | युनिक विफा घिसिङ उपाध्यक्ष, नेपाल पत्रकार महासंघ, रामेछाप | सहभागीहरु न्यून भएको कारण आगामी कार्यक्रम गर्दा सहभागीहरुको संख्या बढाउने गरी कार्यक्रम आयोजना गर्नु पऱ्यो ।<br>गाउँपालिकाले प्रस्तुत गरेको प्रगति प्रतिवेदनमा कतिपय कार्यक्रमहरु समयमै सम्पन्न भएको देखिँदैन् त्यस्ता कार्यक्रमलाई चाँडो भन्दा चाँडो सक्ने गरी काम गर्ने प्रयास गर्नु पऱ्यो ।<br>बेरुजुको अवस्था कस्तो छ त्यसको बारेमा पनि जानकारी गराउँदा | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | सहभागीहरु कम हुन्छन भन्ने कुरालाई मध्यनजर गर्दै कार्यक्रममा सहभागिताको लागि विभिन्न माध्यमबाट प्रचार प्रसार गरिएको भएपनि सहभागिता कम भएको छ । यसमा हामी आगामी कार्यक्रममा सुधार गर्ने प्रयास गर्ने छौं । कार्यक्रममा प्रत्यक्ष रुपमा सहभागी नभएको भएपपनि कार्यक्रमको सहजीकरण गर्ने संस्थाका सहजकर्ताहरु सबै वडामा पुगेर झण्डै ५० जना स्थानीयबाट सुझाव, गुनासा र प्रश्न समेत संकलन गरेर ल्याउनुभएको छ । जसले गर्दा सबै वडाका नागरिकको सहभागिता भएको छ । चालु आर्थिक वर्षका लागि विनियोजित योजना तथा कार्यक्रमहरु संचालनमा विभिन्न कारणले गर्दा ढिलाई भएको हो । तर, आर्थिक वर्षको अन्तिम सम्मा सबै काम सम्पन्न गर्ने गरी काम भइरहेको छ । बेरुजुको बारेमा हाल सम्मको प्रतिवेदन महालेखाको डिजिटल वेइबसाइटमा छ । गएको आर्थिक वर्षको अन्तिम प्रतिवेदन नआएको कारण हामीले प्रस्तुत गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | राम्रो हुन्छ । | | नसकिएको हो । |
| ५ | दिपक खड्का सभापति, रास्वपा सुनापति गाउँपालिका | १, सुनापति गाउँपालिकाको वडा नं ५ मा पर्ने सडक खण्ड डाँसे-कटुन्जेको २३ सय मिटर सडक छोडेर दुबै तर्फ कालोपत्रे भयो तर, २३ सय मिटर कालोपत्रे हुन सकेको छैन, त्यो कहिले हुन्छ ? | ठुलोकान्छा तामाङ अध्यक्ष सुनापति, गाउँपालिका | डाँसे-कटुन्जे सडकको २३ सय मिटर सडक पक्की बनाउनको लागि प्रदेश सरकारबाट ३ करोड बजेट विनियोजन भएको छ । तर त्यो पैसाले सबै काम नहुनेभएपछि बहुवर्षे योजनामा राख्न हामीले प्रदेश सरकारलाई अनुरोध सहित सिफारिस गरेका छौँ । त्यो काम हुन्छ । |
| | | २, केउरेनी पहिरो पीडितलाई कहिले सुरक्षित ठाउँमा सार्ने हो ? | ठुलोकान्छा तामाङ अध्यक्ष सुनापति, गाउँपालिका | स्थानीय सरकारले गर्ने काम सबै सम्पन्न भइसकेको छ । तर संघीय सरकारले अध्ययन गरेर रिपोर्ट आएपछि मात्रै बस्ती स्थानन्तरण गर्ने वा नगर्ने भन्ने हुने भएको हुँदा मुख्यगरी संघीय सरकारले गर्नु पर्ने काममा रोकिएको छ । समधानको लागि संघीय र प्रदेश सरकारसँग नियमित सम्पर्कमा छौँ । |
| | | ३, धेरै पहिले सुनापति गाउँपालिका वडा नं ५ मा बत्ती बाल्नको लागि उठाएको पैसा कहिले फिर्ता हुन्छ ? | ठुलोकान्छा तामाङ अध्यक्ष सुनापति, गाउँपालिका | सुनापति गाउँपालिकाका विभिन्न ठाउँमा बत्ती बल्ने थालेपछि वडा नम्बर ५ मा पनि बत्ती बाल्ने योजना भयो । त्यतिबेला म आफै वडाध्यक्ष थिएँ । वडाध्यक्ष भएको बेला चाँडो भन्दा चाँडो बत्ती बाल्ने योजना भयो र त्यतिबेला उपभोक्ता समिति बनाएर पोल गाड्ने, तार तान्ने र अन्य काम गर्नको लागि सबैले पैसा उठाउने सहमति गरेरै पैसा उठाएको हो । त्यो पैसा कहाँ कती खर्च भयो भन्ने कुरा त्यतिबेला नै सबैको उपस्थितिमा सार्वजनिक सुनुवाइ समेत गरेर जानकारी गराइएको छ । पैसा फिर्ता गर्ने विषयमा हामीले पटक पटक छलफल गर्‍यौं तर, त्यसरी उठाएको पैसा गाउँपालिकाले फिर्ता गर्न नमिल्ने भएकाले फिर्ता हुन सकेन । त्यो पैसा उठाएर कुनै व्यक्तिले पनि दुरुपयोग नगरेको हुनले त्यो पैसाको विषयमा प्रश्न उठाइरहनु पर्ने आवश्यक छैन जस्तो मलाई लाग्यो । अझै पनि म भन्छु सरकारी नियम अनुसार उपभोक्ताको पैसा फिर्ता गर्न मिल्ने रहेछ भने म फिर्ता गर्न तयार छु । |

ख) नागरिक अभिमत संकलनका क्रममा वडा तहमा पुग्दा नागरिकले राखेका प्रश्न तथा जिज्ञासा र त्यसको समधानको लागि जिम्मेवार वक्ताले दिएका जवाफ सँगै प्रतिवद्धता ।

| **सहभागीहरुको गुनासो गर्ने वा सुझाव** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना** | **जवाफको छोटकारी व्यहोरा** |
|---|---|---|---|
| वडा नं ३ | १) वर्षा याम सुरु हुन लागेको हुँदा केउरेनी पहिरोले नििवय रुपमा समेत क्षति पुऱ्याउन सक्ने भएकाले केउरेनी पहिरो पीडितलाई सुरक्षित ठाउँमा सार्ने हो की के गर्ने हो ? | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | केउरेनी पहिरोको विषयमा हामी संवेदनशिल छौँ । हाम्रो तर्फबाट ( स्थानीय सरकार) हुने कामहरु सबै गरीसकेका छौँ । खासगरी बस्ती स्थानन्तरणको विषयमा संघीय सरकार मुख्य हुने भएकाले उक्त विषयमा हामी संघीय सरकारसँग निरन्तर सम्पर्कमा छौँ । स्थानन्तरणको लागि आवश्यक पर्ने जग्गाको पनि हामीले विकल्पहरु दिएका छौँ । |
| वडा नं ४ | १) गाउँको बिचबाट सडक पिच हुने कुरा राम्रो हो तर, काम ढिला हुँदा गाउँका नागरिकहरुको स्वास्थ्यमा धुलोले ठूलो असर पारेको हुँदा चाँडो काम सक्नको लागि गाउँपालिकाले चासो देखाएर सम्बन्धित निकायको ध्यानाकर्षाण गराउनु पऱ्यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | सडकको पिचलाई चाँडो भन्दा चाँडो सक्नको लागि हामीले सम्बन्धित निर्माण व्यवसायी देखि उक्त आयोजनाका सम्बन्धित व्यक्तहरुसँग नियमित सम्पर्कमा छौँ । |
| | २) बेथानको पानीघाटमा बन्दै गरेको सहिद पार्कको छेउमा खोला थुनिने गरी काम भएको छ । त्यहाठूलो पानी खोला आउने भएकाले उचित तरिकाबाट व्यवस्थापन गरेर काम गर्न लगाउनु पऱ्यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | त्यो ठाउँ एक ऐतिहासिक ठाउँ हो । उक्त ठाउँमा सहिदको सम्मानको लागि बनाइएको हो । प्राविधिक अध्ययन गरेर नै बनाइएकाले समस्या आउँदन भन्ने पक्षमा हामी छौँ । यद्यपी कुनै समस्या आयो भने गाउँपालिकाले समधानमा ध्यान दिने छ । |
| | ३) गोविन्द बहादुर खड्का स्मृति पार्क र पानीघाटमा निर्माणाधिन सहिद स्मृति पार्कलाई एउटै नजरले हेर्नु पऱ्यो । किन भने गोविन्द बहादुर खड्का स्मृति पार्कमा राज्यले खास चासो देखाएको छैन् । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | बेथानमा मात्रै नभएर सुनापति गाउँपालिका भरीका सहिदहरुलाई गाउँपालिको हेर्ने दृष्टिकोण एउटै छ । गोविन्द बहादुर खड्का स्मृति पार्क निर्माणमा गाउँपालिकाले सहयोग गर्न तयार छ । तर उक्त स्मृति पार्कका संरक्षकहरुले चासो देखाउनु पऱ्यो । |

| | |
|---|---|
| *नागरिक अभिमतमा भाग लिने ४० जना सेवाग्राही* | *सार्वजनिक सुनुवाईमा गाउँपालिका उपाध्यक्ष, वडा नं १, २, ३, ४ र ५ का वडाध्यक्षलाई कार्यक्रममा सहभागी भएका स्थानीयले प्रश्न राखेका थिएनन् । तर ५ ओटै वडाबाट नागरिक प्रतिवेदनमा सहभागी भएका ४० जना सेवाग्राहीले दिएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जनाउँदै राम्रा र सुधार गर्नु पर्ने पक्ष सहितका सुझाव दिने सेवाग्राहीलाई धन्यवाद दिएका थिए ।* |
| **वडा नं १ देखि वडा नं ५ सम्म र गाउँपालिकाको कार्यालयमा भेटिएका स्थानीयहरुले राखेका राम्र पक्ष** | |
| १ मानव स्वास्थ्य र पशु सम्बन्धी स्वास्थ्यका विभिन्न शिविरहरु गाउँ-गाउँमा ल्याउर सेवा दिइएको धेरै राम्रो छ ।<br>२ जनप्रतिनिधि र कर्मचारीलाई कुनै कामको बारेमा गुनासो सुनाउँदा तुरुन्तै समाधानमा चासो देखाउने गरको छ ।<br>३ सुशासन र पारादर्शीतालाई महत्वका साथ राखेर विभिन्न कार्यक्रमहरु आयोजना गरिने गरेका छन् ।<br>४ सामाजिक सुरक्षा भत्ता वडाबाटै पाइन्छ ।<br>५ कर्मचारीहरु आफ्नो काममा इमान्दारीताका साथ लागेका छन् ।<br>६ गाउँपालिकाबाट हुने कामको बारेमा सार्वजनिक चासोका विषयका सूचनाहरु गाउँपालिकाको फेसबुकपेजबाट प्रकाशित हुने गरेका छन् । | |

*ग) कार्यक्रममा आमन्त्रण गरिएका अतिथिहरुले मन्त्यव्यको क्रममा राखेको संक्षिप्ता विवरण*

| अतिथिको नाम थर | अतिथिले राख्नुभएको मन्तव्यको संक्षिप्त विवरण |
|---|---|
| १, युनिक बिफा घिसिङ<br>उपाध्यक्ष- नेपाल पत्रकार महासंघ, रामेछाप | सहभागीहरु न्यून भएको कारण आगामी कार्यक्रम गर्दा सहभागीहरुको संख्या बढाउने गरी कार्यक्रम आयोजना गर्नु पऱ्यो । गाउँपालिकाले प्रस्तुत गरेको प्रगति प्रतिवेदनमा कतिपय कार्यक्रमहरु समयमै सम्पन्न भएको देखिँदैन् त्यस्ता कार्यक्रमलाई चाँडो भन्दा चाँडो सक्ने गरी काम गर्ने प्रयास गर्नु पऱ्यो ।<br>बेरुजुको अवस्था कस्तो छ त्यसको बारेमा पनि जानकारी गराउँदा राम्रो हुन्छ । |
| २, बद्री नयाँघरे<br>निवर्तमान अध्यक्ष- नेपाल पत्रकार महासंघ, रामेछाप | सुनापति गाउँपालिकाले सुशासन, पारादर्शीता रजफादेहीताका लागि आम नागरिक र सरोकारवालाहरुलाई समेत सहभागी गराएर नियमित रुपमा गर्ने गरेको सार्वजनिक सुनुवाइले गाउँपालिकालाई थप सुशासनमैत्री बनाएको छ । आगमी दिनमा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन जरुरी छ । साथै कार्यक्रममा धेरै भन्दा धेरै नागरिकको सहभागिताको लागि कार्यक्रमलाई रचनात्मक रुपमा संचालन गर्नु पऱ्यो । |

**९.आ.व. २०८२/०८३ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाइमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था र आ.व. २०८२/०८३ को दोस्रो चौमासिकमा गरिएको सार्वजनिक प्रतिवद्धता ।**

(क) आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक सार्वजनिक सुनुवाईमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था:

| सुनापति गाउँपालिकाको कार्यालयद्वारा चालु आ.व. २०८२/०३ को पहिलो चौमासिकमा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा तपशिल बमोजिमका विषयहरुमा सुधार गर्ने प्रतिवद्धता जारी गरियो । | | |
|---|---|---|
| क्र.सं. | प्रतिवद्धता | कार्यान्वयनको अवस्था |
| १ | सार्वजनिक सुनुवाइमा उठेका सडक तथा पुर्वधारका कुरालाई आगामी दिनमा सुधार गर्दै जाने । | पालिकाबाट निर्माण सुरु गरिएको योजनालाई गुणस्तरीय निर्माण र चाँडो सम्पन्नको लागि अनुगमनलाई थप प्रभावकारी बनाइएको । साथै अन्य निकायबाट पालिका भित्र निर्माणको क्रममा रहेका आयोजनालाई चाँडो सक्न समन्वय गर्ने काम भइरहेको । |
| २ | सुनापति गाउँपालिकाका स्वास्थ्य संस्थामा भनेको समयमा आवश्यक औषधि नपाएको गुनासोलाई ध्यानमा राखेर गाउँपालिकाले पुर्ती गर्न मिल्ने औषधिलाई | औषधि सहज रुपमा पाउने गरी व्यवस्था मिलाउन सरोकारवाला निकायहरुसँग समन्वय तथा छलफल र गाउँपालिकाबाट गर्नु पर्ने कामहरु गरिएको । |

| | | |
|---|---|---|
| | नियमित रुपमा उपलब्ध गराउन सबै लाग्ने । | |
| ३ | गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई वडा तहबाट दिनको लागि वडा-वडामा एकीकृत घुम्ती शिविरहरु आयोजना गर्ने । | कृषि, पशु र मान स्वास्थ्य उपचार सहित गाउँपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवा सहितको गाउँ गाउँमै एकीकृत घुम्ती शिविरको आयोजना गरिएको र आगामी दिनमा पनि निरन्तरता दिने । |
| ४ | किसानले उठाएका विभिन्न समस्यालाई समधान गर्न गाउँपालिकाका अन्तरगतका पशु तथा कृषि शाखालाई थप सक्रिया बनाउने र अन्य निकायहरुसँग पनि समन्वय गर्ने । | कृषि तथा पशु सम्बन्धि कार्यक्रमहरु गर्दा किसानहरुसँग समन्वय गरेर गर्ने गरिएको । |

**(ख) चालु आर्थिक वर्ष २०८२/०८३ चौमासिकको सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धता**

सुनापति गाउँपालिकाको कार्यालयद्वारा चालु आ.व. २०८२/०३ को दोस्रो चौमासिकमा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा तपशिल बमोजिमका विषयहरुमा सुधार गर्ने प्रतिवद्धता जारी गरियो ।

- डिजिटल सेवा प्रवाह प्रवर्द्धन गर्ने ।
- साउने केउरेनी पहिरो पीडितलाई सुरक्षित स्थानमा सार्न पहल गर्ने ।
- सडकको निरन्तर स्तरोन्नतीको लागि योजना निर्माण गरी बजेट व्यवस्थापन गर्ने ।
- जनप्रतिनिधि-कर्मचारीको क्ष्मता अभिबृद्धि कार्यक्रम संचालन गर्ने ।
- सेवा प्रवाहलाई अझ पारदर्शि र जवाफदेही बनाउने ।

**१०.कार्यक्रमको सवल पक्षहरु**

- दोस्रो चौमासिक समाप्त हुन साथ उक्त चौमासिकको सार्वजनिक सुनुवाई भएको ।
- सुनापति गाउँपालिकामा कार्यक्षेत्र हुने सरकारी तथा गैरसकारी कार्यालयका प्रमुखहरुलाई समेत जवाफदेही वक्ताको रुपमा आमन्त्रण गरिएको ।
- गाउँपालिका भित्र संचालनमा रहेका आयोजना जिम्मा लिएर काम गर्ने निर्माण व्यवसायीहरुलाई पनि खबर गरिएको ।
- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवालाका प्रतिनिधिहरुको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- सुनापतिग गाउँपालिकाको दोस्रो चौमासिकको अवधिमा सम्पन्न भएका भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र संस्था तथा सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना सहित फेलेक्स बनाई गाउँपालिका आसपास क्षेत्र र गाउँपालिकाको सबै वडाको वडा कार्यालयमा टाँस गरिएको ।

- नागरिकहरुको सहभागीता बृद्धिको लागि गाउँपालिका, वडा कार्यालय र कार्यक्रमको सहजीकरण गर्ने मिडियाबाट संचालित पत्रिका तथा अनलाइनमा एक हप्ता अगाडिनै सूचना प्रकाशन गरिएको ।

- गाउँपालिका भित्र रहेका मावि तहका प्रधानाध्यापकलाइ जवाफदेहीको रुपमा निमान्त्रण गरिएको ।

- गाउँपालिका तथा सबै वडा कार्यालयमा सेवा लिन आउने ४० जना सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि फारम भरेर संयोजन गरी सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको ।

- नेपाल पत्रकार महासंघको नेतृत्वम जिल्लाका क्रियाशिल पत्रकारहरुको समेत उलेख्य मात्रमा सहभागिता ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु

- पालिका स्तरको सर्वाजनिक सुनुवाइमा गाउँपालिका भित्र कार्य गर्ने सरकारी तथा गैरसकारी कार्यालयलाई जवाफदेही वक्ताको रुपमा आमन्त्रण गरिएको भएपनि उनिहरुको सहभागिता न्यून रहेकाले आगामी दिनमा अनिवार्य उपस्थिति हुने वातावरण तयार गर्नु पर्ने ।
- गाउँपालिकाका जनप्रतिनिधि अर्थात गाउँ सभाका सबै सदस्यहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पालिकाबाट तथा वडाबाट विनियोजन भएका योजना गउपभोक्ता समितिका पादधिकारीलाइ समेत सहभागी गराउँदा राम्रो हुने ।
- पालिकास्तरको राजनीतिक दलका प्रतिनिधिलाई पनि पाहुन तथा जवाफदेही वक्ताको रुपमा आमन्त्रण गर्दा राम्रो हुने ।

## १२. समस्याहरु

- छरिएर रहेका वडाबाट पालिकाको केन्द्र सम्ममा मानिसहरु सहभागी हुन नसेको ।
- जवाफदेहि वक्ताहरु नागरिकका समस्या सुन्न र उत्तर दिन तयारीका साथ बसेको भएपनि पर्याप्ता प्रश्नहरु नआउनु ।

## १३.निष्कर्ष

सुनापति गाउँपालिका र अन्य सेवा प्रदायक निकायको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सुनापति गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राख्नु पर्ने, सडक निर्माण, पुर्वाधार विकासमा गुणस्तरीयता कायम गर्ने, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, किसानलाई भनेजति मल उपलब्ध गराउनु पर्ने, योजना सम्पन्न गराउन वडा तथा पालिकाका प्राविधिकहरुले सहज रुपमा सहजीकरण गर्नु पर्ने, गुणस्तरी स्वास्थ्य सेवा दिनु पर्ने लगायतका विभिन्न विषमा प्रश्न सँगै आगामी दिनमा विभिन्न विषयहरुलाई सुधार गर्न सुझाव दिएका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई भएको हुँदा यो कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सक्रिय सहभागीताले पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । विभिन्न कार्यक्रमका साथ गाउँपालिकामा रहेको सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका (सेवा प्रदायक) प्रतिनिधिलाई अनिवार्य रुपमा वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाइलाई निरन्तर गर्ने हो भने सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिनुको साथै सार्वजनिक निकायहरुले प्रवाह गर्ने सेवाको बारेमा सेवाप्रदायक निकायहरु सेवाप्रति जिम्मेवार र जफावदेही रहेको पनि यो सार्वजनिक सुनुवाइले पुष्टि गर्दछ ।

## दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ सम्पन्न गर्न लागेको खर्चको विवरण :

| क.सं. | विवरण | दोस्रो चौमासिक | | | |
|---|---|---|---|---|---|
| | | दिन | संख्या | दर | जम्मा खर्च |
| १ | बहिर्गमन अभिमत संकलन तथा नतिजा तयारी | ५ | ३ जना | १५०० | २२,५०० |
| २ | बहिर्गमन अभिमत संकलन फर्म प्रिन्ट | | ५० सेट (प्रत्येक सेटमा ६ पेज) | १० | ५०० |
| ३ | ब्यानर, पम्प्लेट तथा पर्चा प्रकाशन | | ७ ओटा व्यानार (सबै वडा कार्यालय र पालिकामा) | | ७,००० |
| ४ | कार्यक्रम सहजिकरण | १ | ३ | ५००० | १५,००० |
| ५ | सहभागीहरुलाइ खाजा तथा पानी | | १०० | २०० | २०००० |
| ६ | पाहुनाहरुलाई बिहानको खाना (पत्रकार समेत) | १ | २० जना | १५०० | ३०००० |
| ७ | सञ्चार | | | ० | १९०० |
| ८ | यातायात | | एक दिनलाई सुमो रिजर्भ | ० | ११६०० |
| ९ | प्रतिवेदन लेखन | | | ० | २००० |
| १० | विविध खर्च | | | | ४००० |
| ११ | जम्मा | | | | | ११४,५०० |
| १२ | १३ प्रतिशत भ्याट | | | | | १४८८५ |
| **१३** | **कुल जम्मा खर्च** | | | | **१२९,३८५** |

## अनुसुची-१

# तस्विरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनवाईका जवाफदेही बक्ताहरु



सार्वजनिक सुनुवाईमा सहभागी भएका शाखाका प्रमुख लगायत स्थानीय सहभागीहरु




सार्वजनिक सुनुवाइमा सहभागीहरुले राखेका प्रश्नको उत्तर दिनुहुँदै गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङ




सार्वजनिक सुनुवाइमा सहभागीहरुले राखेका प्रश्नको उत्तर दिनुहुँदै गाउँपालिका उपाध्यक्ष गिता विष्ट



सार्वजनिक सुनुवाईमा पालिकाबाट प्रवाह भएका सेवा तथा दोस्रो चौमासिकसम्मको प्रगति विवरण प्रस्तुत गर्दै प्रमख प्रशासकीय अधिकत सरेश कमार श्रेष्ठ




सार्वजनिक सुनुवाईमा स्थानीयहरुले राखेका जिज्ञसाको जवाफ दिँदै गाउँपालिका प्रवक्ता तथा वडा नं २ का वडाध्यक्ष पदम थापा



सार्वजनिक सुनुवाईमा स्थानीयहरुले राखेका जिज्ञसाको जवाफ दिँदै गाउँपालिकाका शिक्षा शाखा प्रमुख कमल बहादुर बम



सार्वजनिक सुनुवाईमा आफ्नो प्रश्न तथा सुझाव राख्दै सहभागी




सार्वजनिक सुनुवाईमा प्रतिक्रियात्मक धारणा राख्दै नेपाल पत्रकार महासंघ रामेछापका उपाध्यक्ष युनिक विफा घिसिङ र निवर्तमान अध्यक्ष बद्री नयाँघरे






सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लिको तर्फबाट कार्यक्रम सहजीकरण गर्दै

## अनुसुची-२

## कार्यक्रममा सहभागीहरुको उपस्थिति

कार्यक्रमको नामः- सुनापति गाउँपालिका र गाउँपालिका भित्र रहेर सेवा प्रवाह गरिरहेका सेवा प्रदायक निकायद्वारा आर्थिक वर्ष २०८२/०८३ को दोस्रों चौमासिकसम्ममा प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई ।

कार्यक्रमको उद्देश्यः- सुनापति गाउँपालिका र भित्र रहेर सेवा प्रवाह गरिरहेका सेवा प्रदायक निकायद्वारा आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिकसम्ममा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा गाउँपालिका, वडा र विभिन्न सेवा प्रदायक निकायका जिम्मेवार अधिकारी र नागरिकहरू बीचमा हाकहाकी प्रश्नोत्तर गराउने ।

**कार्यक्रमको विवण**

**मिति** :- २०८३ साल वैशाख ११ गते शुक्रवार

**स्थान** :- सुनापति गाउँपालिकाको प्राङ्गण

**समय** :- विहान ११ बजेबाट

**आयोजक** :- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हिलेदेवी रामेछाप

**सहजिकरण** :- प्रहार मिडिया प्रा.लि. मन्थली, रामेछाप

**उपस्थिति विवरण**

| क.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | ठुलोकान्छा तामाङ | सुनापति गा.पा. | अध्यक्ष | अध्यक्षता/प्रमुख प्रमुख वक्ता | |
| २ | गीता विष्ट | सुनापति गा.पा. | उपाध्यक्ष | वक्ता | |
| ३ | सुरेश कुमार श्रेष्ठ | सुनापति गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | वक्ता | |
| ४ | पदम बहादुर थापा | सुनापति- २ वडा कार्यालय | वडाध्यक्ष/गाउँपालिका प्रवक्ता | वक्ता | |
| ५ | धुब प्रसाद चौलागाई | सुनापति- १ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ६ | कुल बहादु थिङ | सुनापति- ३ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |

| क.सं. | सहभागीको नाम | आवद्धता संस्था / ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ७ | डन्डुप लामा | सुनापति-४ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ८ | चित्र बहादुर मानन्धर | सुनापति- ५ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ९ | दिपक खड्का | सुनापति ४ | | | |
| १० | पुनिता विका घिमिरे | नेपाल पत्रकार महासंघ रामेछाप | उपाध्यक्ष | | |
| ११ | सर्प लाल कोली | राजश्व/तहकारी प्रमुख | स. पाँचौ | | |
| १२ | माधव प्रधान | स्वास्थ्य शाखा प्रमुख | सिनियर अहेब अधिकृत | | |
| १३ | रविन्द्र कुरेल | सु.गा.पा. प्रशासन सहायक | प्रशासन सहायक | वक्ता | |
| १४ | विनोद चौलागाईं | सु.गा.पा. | स.ले.पा. | वक्ता | |
| १५ | टेक बहादुर मोक्तान | | ३ नं. वडा सदस्य | | |
| १६ | राजेश्वर बोहोरा | | ४ नं. वडा सदस्य | | |
| १७ | प्रशान्त | रेडियो तिलपत्र | समाचार प्रमुख | पत्रकार | |
| १८ | घनश्याम थपलिया | वडा सचिव ४ नं. वडा कार्यालय | वडा सचिव | | |
| १९ | निरमा लामा | सुनापति सुनापति ४ | वडा सदस्य | | |
| २० | श्रीराम ढुंगाना | सुनापति गा.पा. | MIS अपरेटर | वक्ता | |
| २१ | कर्ण ब. विश्वकर्मा | ,, | रोजगार संयोजक | जवाफदेही वक्ता | |
| २२ | सन्तोष चौलागाईं | ,, | अ.प्र.अ. | ,, | |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २३ | काबिल लामा | श्री गला मिलोमबर मा.वि./सुनापति -१, पुर्के | प्र.अ. | | |
| २४ | डि.म. लामा | श्री कुवगबोरबा मा.वि. सुनापति-२ | प्र.अ. | | |
| २५ | हस्तब लामा | नेल्हा रामेछाप | अध्यक्ष | | |
| २६ | कैलाश रकी | समाजवादी प्रेस संगठन, रामेछाप | 'अध्यक्ष' | — | |
| २७ | शुशिला गुप्ता | सुनापति-२, दिमीपोखरी | सब. ई | | |
| २८ | बद्री ख्याँघोरे | नेपाल पत्रकार महासंघ | नि. अध्यक्ष | — | |
| २९ | कमल बहादुर थम | सुनापति गा.पा. | श्री. अ. | — | |
| ३० | देव शीमानद | ” | जिल्ला शाखा | | |
| ३१ | राम कृष्ण मुखेल | Soil Test | Social Mobilizer | | |
| ३२ | Dhirendra K. Sah | RCL-AF Soil/ERMC | SEE | | |
| ३३ | रञ्जुमान ढोलडि | पञ्च सेवा आ.वा | | | |
| ३४ | लोकेश पाण्डे | सहायक पाचा | | | |
| ३५ | लोकेन्द्र थोकलागाई | खानेपानी तथा सरसफाइ डिभिजन नं. ४, रामेछाप | सहायक पार्थी | | |
| ३६ | हितेश नाथ | सुनापति गा.पा | एक.दि. | | |
| ३७ | रामविनोद महतो | सुनापति-2 स्वास्थ्य | स्वास्थ्य इकाई प्रमुख | | |
| ३८ | राजु योञ्जन | | | | |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ३९ | राकेश कुमार साह | पूर्वाधार विकास कार्यालय, राजबिराज | सब-इन्जिनियर | | Rakesh |
| ४० | प्रमिला घिमिरे | सुनापति गा.पा. | मनोसामाजिक परामर्शकर्ता | | [illegible] |
| ४१ | सृजना गुरुङ | " " | स्थानीय न्यायिक सहजकर्ता | | [illegible] |
| ४२ | रचना भुजेल | " " | नापी सर्वेक्षक | | Rachana |
| ४३ | कान्छा मैनाली | सुनापति-३ | स्थानीय | | [illegible] |
| ४४ | क्षितिज अर्याल | सुनापति-२ | नो.प.द.प्र. | | [illegible] |
| ४५ | डा. नगेश्वर चौधरी | सुनापति आधारभूत अस्पताल | मे. अ | | Nagesh |
| ४६ | गोकर्ण राज जोशी | कृषि शाखा सुनापति गा.पा. | प्राव.स | | Gokarna |
| ४७ | प्रतीक श्रेष्ठ | शिक्षक श्री जनज्योति मा.वि | सहायक प्र.अ | | [illegible] |
| ४८ | मन्जु घिमिरे | सुनापति- | गृहिणी | | [illegible] |
| ४९ | बैकुण्ठ लुइँटेल | साझाबचत | शाखा प्रमुख | | [illegible] |
| ५० | रेकम शिवाकोटी | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | शाखा प्रमुख | | [illegible] |
| ५१ | दिपक पिठाकोटे | सामुदायिक लघुवित्त | कर्मचारी | | [illegible] |
| ५२ | सीता माया मोक्तान | सुनापति गा.पा. | वित्तीय साक्षरता सहजकर्ता | | [illegible] |
| ५३ | चन्द्र कुमार लामा | ग्लोबल आइएमई बैंक लि. | शाखा प्रमुख | | [illegible] |
| ५४ | निशा लामा मोक्तान | " | अपरेशन इन्चार्ज | | [illegible] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ५५ | शुक्र बहादुर तितुङ | प्रजापति आ० पा० | का०स० | – | [signature] |
| ५६ | सुर्यबहादुर लामा | " | वि.स.-च. | | [signature] |
| ५७ | कान्छीमाया वाइबा | " | का.स. | | [signature] |
| ५८ | सार्मिला थिङ | " | " | | [signature] |
| ५९ | प्रविन श्रेष्ठ | " | इन्जिनियर | | [signature] |
| ६० | रमेश कुमायत | " | उद्यम विकास सहजकर्ता | | [signature] |
| ६१ | प्रकाश चौधरी | कि.न.पा. | | | [signature] |
| ६२ | कपिल तामाङ | उज्यालो नेपाल पार्टी | के.सदस्य | | [signature] |
| ६३ | कुमार श्रेष्ठ | पत्रकार महासंघ इलेङ्गा | सदस्य | | [signature] |
| ६४ | कृष्ण माया मैनाली | | | | |
| ६५ | रामचन्द्र विक | प्रहार निधा प्रा०लि० | सहजकर्ता | | [signature] |
| ६६ | अम्बर ब० विश्वकर्मा | – | – | | [signature] |
| ६७ | | | | | |
| ६८ | | | | | |
| ६९ | | | | | |
| ७० | | | | | |

# सार्वजनिक सुनुवाई कार्यक्रम

## दोस्रो चौमासिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष: २०८२/०८३

## अवधि: २०८२ मंसिर देखि फागुन

## मितिः २०८३ वैशाख ११ गते

## कार्यालयः सुनापति गाउँकार्यपालिकाको कार्यालय, हिलेदेवी, रामेछाप

### १. परिचयः

सार्वजनिक निकायहरुले प्रवाह गर्ने सार्वजनिक सेवालाई नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिन्छ। यसले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनलाई मद्धत गर्दछ। नागरिकको सूचनाको हक सुनिश्चित गरी समग्र सेवा प्रवाह, योजना कार्यान्वयन र बजेट खर्चबारे नागरिकलाई जानकारी गराउने उद्धेश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम प्रत्येक चौमासिक सकिए पछि आयोजना गरिन्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३०, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २७, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ लगायतका कानुनी व्यवस्थाले सार्वजनिक सुनुवाई अनिवार्य रुपमा गर्नु पर्ने कानुनी बाध्यता रहेको छ। त्यसैगरी सार्वजनिक सुनुवाइ सञ्चालन निर्देशिका, २०७३ तथा अद्यावधिक निर्देशिका, २०७५, भ्रष्टाचार निवारण ऐन, २०५९ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले समेत यसलाई अनिवार्य बनाएको देखिन्छ। सुनापति गाउँपालिकाले उक्त कानुनी व्यवस्थालाई निरन्तर अवलम्बन तथा कार्यान्वयन गर्दै आइरहेको छ। यसै क्रममा आज दोस्रो चौमासिक अवधिको प्रगति सन्दर्भमा यो कार्यक्रम आयोजना गरिएको हो।

### २. उदेश्यः

यस सार्वजनिक सुनुवाइबाट तपसिलका उद्धेश्यहरु पुरा हुने अपेक्षा गरिएको छः

क) सुनापति गाउँकार्यपालिकाको कार्यालय लगायत वडा कार्यालय, स्वास्थ्य संस्था साथै सबै मातहतका निकायको सेवा प्रवाहको बारेमा जानकारी गराउनु।

ख) नागरिकहरुप्रतिको उत्तरदायित्वको सुनिश्चित गर्नु।

ग) सेवा प्रवाहको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु।

घ) नागरिकका गुनासा, सुझाव तथा प्रतिक्रिया संकलन गरी सेवा प्रवाहको क्रममा भएका त्रुटी तथा कमीकमजोरीहरुमा सुधार गर्नु।

ङ) सेवा प्रवाहलाई नागरिकको पहुँचमा पुर्‍याई सार्वजनिक सेवालाई सरल, सहज र मितव्ययी बनाउनु।

च) राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरुलाई काम, कर्तव्यप्रति जिम्मेवार बनाउनु।

छ) प्रचलित ऐन, नियम तथा कानुनी प्रावधानहरुको कार्यान्वयन गर्नु।

## ३. नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था

### ३.१ बजेटको समग्र अवस्थाः

आर्थिक वर्ष २०८२।०८३ को लागि संघीय र प्रदेश समानीकरण अनुदान तर्फ रु. ११ करोड ५६ लाख ९९ हजार प्राप्त गर्ने अनुमान रहेको छ। संघीय सरकार र प्रदेश सरकारको सशर्त अनुदान चालु तर्फ कुल रु. २३ करोड १५ लाख ९८ हजार र पुँजीगत तर्फ कुल रु. १ करोड ६० लाख प्रप्त हुने अनुमान रहेको छ। संघीय समपुरक कोषबाट प्राप्त हुने अनुमानित रकम रु.७१ लाख रहेको छ भने प्रदेश समपुरक कोष अन्तर्गत रु. २ करोड ६६ लाख रहेको छ। संघीय विशेष अनुदान तर्फ रु.६९ लाख र प्रदेश विशेष अनुदान तर्फ रु. ६५ लाख प्राप्त हुने अनुमान रहेको छ। संघीय सरकार राजस्व बाँडफाँडबाट रु.७ करोड १० लाख ९६ हजार ३ सय ९२ प्राप्त हुने अनुमान रहेकोमा प्रदेश सरकार राजस्व बाँडफाँडबाट रु. २ करोड ९५ लाख ४६ हजारको अनुमान रहेको छ। त्यसैगरी स्थानीय राजस्व बाँडफाँडबाट रु.६ लाख ५० हजारको अनुमानित आय रहेकोमा गाउँपालिकाको आन्तरिक स्रोत तर्फ रु.१० करोड ३३ लाख ३ हजारको अनुमान रहेको छ। यस चालु आर्थिक वर्ष २०८२/०८३ मा कुल रु. ६१ करोड ४९ लाख ९२ हजार ३ सय ९२ को आय व्यय विवरण स्वीकृत गरिएको छ। गाउँपालिकाको आन्तरिक स्रोत तर्फ बास्तविक रकम भन्दा करिब रु. ७ करोड ५० लाखको घाटा बजेट प्रस्ताव हुँदा आन्तरिक स्रोतमा वास्तविक आय भन्दा अधिक बढी देखिएको हो। यसरी कुल अनुमानित आय व्ययको ६३.१०% चालु तर्फ र ३६.९०% पुँजीगत तर्फ विनियोजन गरिएको छ।

### क. कुल विनियोजित बजेटः

| शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी % |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| संघीय सरकार | ३३,९४,००,००० | २४,१३,३५,२१० | ७०.५० |
| प्रदेश सरकार | ७,०९,९७,००० | ३,५०,७२,७५० | ४९.४० |
| राजस्व बाडफाड | १०,१२,९२,३९२ | ५,९३,४१,१९९.४७ | ५८.५८ |
| अन्तरिक श्रोत | १०,३३,०३,००० | ३१६३४५८१.२० | ३०.६२ |
| *जम्मा* | ६१,४९,९२,३९२ | ३६,७३,८३,७४०.६७ | ५९.४५ |

ख. खर्चको अवस्था:

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|
| चालु | ३८,८०,१०,३९२ | २४,१३,३५,२१० | ५५.५८ |
| पूंजीगत | २२,६९,८२,००० | ३,५०,७२,७५० | १९.९६ |
| जम्मा | ६१,४९,९२,३९२ | २६,१६,७३,५४०.३७ | ४२.३४ |

३.२ क्षेत्रगत प्रगति विवरण:

क. पूर्वाधार विकास

उपभोक्ता समितिबाट कार्यान्वयन भएका वडागत योजनाहरुको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | वडा नं. | जम्मा उपभोक्ता समिति | योजना सम्झौता संख्या | भुक्तानी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ | १४ | १४ | ३ | |
| २ | वडा नं. २ | १३ | १३ | २ | |
| ३ | वडा नं. ३ | ८ | ८ | १ | |
| ४ | वडा नं. ४ | १७ | १७ | ७ | |
| ५ | वडा नं. ५ | १७ | १७ | १० | |
| | जम्मा | ४५ | ४५ | २३ | |

ठेक्का प्रक्रियाबाट जम्मा ९ वटा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिएको छ। कार्यान्वयन भएका मध्ये दिमीपोखरी स्वास्थ्य चौकि निर्माण तथा सबलीकरणको ठेक्का सम्झौता भइसकेको तर हाल काम हुने क्रममा रहेको छ भने सुनकोशी लिफ्ट बृहत खानेपानी निर्माण योजनाको पहिलो पटक बोलपत्र आह्वान अवधिमा कसैले ठेक्का नहालेकोले पुनः ठेक्का आह्वान गरिएको छ। अमेरिका, इरान र इजरायल बीचको द्वन्द्वको कारण अन्तर्राष्ट्रिय रुपमा इन्धनको मूल्य वृद्धिले निर्माण सामग्रीहरुको मूल्य वृद्धिको कारण यस्ता निर्माणका कार्यमा असर पर्‍याएको छ।

## भुमि व्यवस्थापन शाखा अन्तर्गतको प्रगति विवरणः

- मंसिर र पुस महिनामा सुनापति गाउँपालिका अन्तर्गत ५ वटा वडाकै वडागत कित्ता विवरणको त्रुटि सच्याउनको लागि निवेदन संकलन गरिएको छ। स्थानीय भू-उपयोग परिषदको बैठक बसी तयार गरिएको वडागत कित्ता विवरणमाथि छलफल भई छुटपुट त्रुटी सुधारको लागि पुनः १५ दिने सूचना जारी गरी निवेदन संकलनको कार्य समाप्त भएको छ। साथै त्रुटी सुधारको कार्य समाप्त भई प्रमाणीकरणको कार्य भैरहेको छ। वडा नं. ३ मा जम्मा ३ वटा र अन्य ४ वटा गरी ७ वटा कित्ता नापजाँच गरिएको छ।

### ख. शिक्षा, युवा तथा खेलकुद शाखाः

कक्षा ८ को केन्द्रिकृत परीक्षामा सहभागी विद्यालयलाई प्रति विद्यार्थी रु. १८९५ को दरले अनुदान निकासा गरिएको छ। प्रति विद्यार्थी लागत अनुदान रकमको निकासा गरिएको छ। कक्षा १ देखि ५ का छात्रा, दलित र माझीको लागि छात्रवृत्ति वापतको रकम निकासा गरिएको छ। सामुदायिक अध्ययन केन्द्रहरुको गाउँपालिका स्तरीय सञ्जाल गठन कार्य गरिएको छ। Pre-SEE & Pre- BLE परीक्षा सञ्चालन गरिएको छ। विद्यालयहरुको आ.व. २०८१/०८२ को लेखापरीक्षणको लागि लेखापरीक्षकहरु नियुक्ति कार्य सम्पन्न गरिएको छ। साहस नेपालसँगको सहकार्यमा ५ दिने शिक्षण पेशागत तालिम सञ्चालन गरिएको छ। NELTA रामेछापको आयोजना र सुनापति गाउँपालिकाको आर्थिक व्यवस्थापनमा १ दिने अंग्रेजी शिक्षण तालिम सञ्चालन गरिएको छ। विद्यालयहरुको नियमित अनुगमन कार्य लगायत शिक्षा तथा खेलकुद सम्बन्धी नियमित कार्य भैरहेका छन्।

### ग. स्वास्थ्य शाखा तर्फको प्रगति विवरणः

१. ८५ जना दिर्घरोगीहरुलाई मासिक भत्ता भुक्तानी गरिएको छ। वडा नं. १ को गुन्सी स्वास्थ्य चौकी र वडा नं. ३ को सुनापति आधारभूत अस्पतालमा निःशुल्क आयुर्वेदिक स्वास्थ्य शिविर कार्यक्रम

सञ्चालन गरिएको छ जसमा ४४९ जना नागरिकले सेवा प्राप्त गरेका छन् |आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मन्थली, रामेछापको आयोजना र सुनापति गाउँपालिकाको सहयोगमा उक्त कार्यक्रम कार्यान्वयन गरिएको हो।

२. स्वास्थ्य संस्थाहरुलाई कार्यालय संचालन व्यवस्थापन तथा न्युनतम मापदण्ड सुधार सामाग्री वितरण गरिएको छ। सुत्केरीहरुलाई यातायात खर्च तथा गर्भावतिहरुलाई गर्भ जाँच प्रोत्साहन यातायात खर्च भुक्तानी कार्य गरिएको छ। महिला तथा स्वास्थ्य स्वयम सेविका दिवस मनाउने कार्यक्रम सम्पन्न गरिएको छ। एकीकृत घुम्ती शिविर मार्फत महिलाहरुको पाठेघरको क्यान्सर पत्ता लगाउने VIA स्क्रिनिङ र आँखाको मोतियाविन्दु स्क्रिनिङ शिविर पाँच वटै वडामा सम्पन्न गरिएको छ। स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम सम्पन्न गरिएको छ।

३. PAMS V2 सम्बन्धी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि तालिम आयोजना गरिएको छ। सुनापति आधारभूत अस्पतालमा आँखाको निः शुल्क मोतिविन्दु शल्यक्रिया शिविर संचालन गरी ५६ जना बिरामीहरुको शल्यक्रिया गरिएको छ | माघ महिना भरी ५ वटै वडामा नसर्ने रोगहरुको स्क्रिनिङ कार्यक्रम सम्पन्न गरिएको छ जसमा जम्मा १६७४ जनाले सेवा पाएका छन् | विद्यालय केन्द्रित एच. पी. भि. खोप अभियान सम्पन्न गरिएको छ जसमा शत प्रतिशत लक्षित किशोरीहरुलाई खोप सेवा प्रदान गरिएको छ |विपन्न नागरिक औषधि उपचार सिफारिस सम्बन्धि कार्यहरु निरन्तर भई रहेको छन् | स्वास्थ्य सेवा तर्फ अत्यावश्यक औषधि खरिदको लागि टेन्डर आह्वान गरी सम्बन्धित स्वास्थ्य संस्थाहरुमा औषधि पुर्‍याउने कार्य सम्पन्न भएको छ। स्वास्थ्य सेवा तर्फ कुल विनियोजित बजेटको ४४.३८ प्रतिशत बजेट खर्च भएको छ।

**घ. राजस्व इकाईको प्रगति विवरणः**

- **दोस्रो चौमासिक (मंसिर १ गते देखि फागुन मसान्तसम्म) अवधिको जम्मा राजश्व संकलन रकम रु.२९,६९,७४५/- छ।**
- **आ.व. २०८२/०८३ को वार्षिक लक्ष्य ५०,००,०००।- रहेकोमा दोस्रो चौमासिकसम्म जम्मा लक्ष्यको ५९.३९ प्रतिशत राजश्व संकलन भएको छ।**
- पहिलो चरणको बजार अनुगमन कार्य सम्पन्न भएको
- दोस्रो र तेस्रो चरणको बजार अनुगमन कार्य बाँकि रहेको।

| व्यवसाय दर्ता /खारेज | व्यवसाय नवीकरण र इजाजत | इजाजत |
|---|---|---|
| नयाँ व्यवसाय दर्ता- १२ वटा र<br>खारेज -३ वटा | ❖ नवीकरण -२ वटा<br>❖ प्रतिलिपि- १ वटा<br>❖ नयाँ इजाजत- २२ वटा<br>❖ कृषक समूह नवीकरण -१० वटा<br>❖ इजाजत -१४ वटा नवीकरण<br>❖ घ वर्गको)-२ वटा नवीकरण(<br>❖ टोल सुधार समिति- १ वटा नवीकरण | ४५ वटा<br>वटा २)<br>नवीकरण) |

**घ. सामाजिक विकास तर्फका प्रगति विवरणः**

यस अन्तर्गत सामाजिक सुरक्षा र पञ्जिकरण तर्फको विवरण प्रस्तुत गरिएको छ । जसमा व्यक्तिगत घटना दर्ता तर्फको विवरण र सामाजिक सुरक्षा भत्ता वितरण विवरण यस प्रकार रहेका छन्।

**४. सेवा प्रवाहको अवस्थाः**

- ❖ नागरिकता सिफारिसः
- ❖ जन्मदर्ता संख्याः १७६
- ❖ मृत्युदर्ता संख्याः ७५
- ❖ सम्बन्ध विच्छेद दर्ताः १० ११
- ❖ बसाइसराई दर्ता (बसाइसराइ गरेर जाने): (१० वटा दर्ता, संख्याः३९ जना) रहेका छन्।

**दोस्रो त्रैमासिक सामाजिक सुरक्षा निकासी तथा वितरणः**

- ❖ जम्मा लाभग्राहीको संख्याः २७८१ जना रहेकामा कुल रु. २,८८,५६,४३०/-रकम सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

# ङ. कृषि सेवा केन्द्र

परिचय :

सुनापति गाउँपालिका कृषि सेवा केन्द्रले आ.व. २०८२/८३ को दोस्रो चौमासिक अवधिमा सम्पादन गरेका कार्यहरु यस प्रकार रहेका छन्।

**आ.व २०८२/८३ मा सम्पादित मुख्य क्रियाकलापहरु**

| क.स. | सम्पादित मुख्य कार्यहरु | परिमाण | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | प्राविधिक सेवा | ३९ जना | |
| २. | फिल्ड अनुगमन | १७ पटक | |
| ३. | बाली संरक्षण प्रविधि वितरण | ३१ जना कृषकलाई | |
| ४. | प्रयोगशाला कार्य | १५वटा माटोको नमूना परिक्षण | |
| ५. | रसायनिक मल सिफारिस | २७ वटा | |

**अन्य अनुदानका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भइरहेका छन्।**

# योजना तथा कार्यक्रम :

| बागमति प्रदेश समानिकरण अनुदान | | | | |
|---|---|---|---|---|
| क स | कार्यक्रमको नाम | विनियोजित बजेट | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | व्यवसायिक तरकारी खेती विस्तार कार्यक्रम | २ लाख ५० हजार | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा २ वटा साझेदार संस्था छनोट भइ सम्झौता भइसकेको। |
| २ | मसला खेती विस्तार कार्यक्रम | ३ लाख | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा २ वटा साझेदार संस्था छनोट भइ सम्झौता भइसकेको। |
| ३ | साझेदारी कृषि साना उद्योग सस जुस जटिबुटी तेल आदि उद्योग | २ लाख ५० हजार | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा साझेदार संस्था छनोट भइसकेको। |
| ४ | बाँझो जमिन खेती तथा भुमि बैंक | १५ लाख | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा साझेदार संस्था छनोट भइ सम्झौता भइसकेको। |
| ५ | रैथाने बाली प्रवर्द्दन कार्यक्रम | २ लाख | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा साझेदार संस्था छनोट भइ सम्झौता भइसकेको। |
| ६. | एक घर एक बगैंचा कार्यक्रम | १० लाख | | १९५ जना कृषकले आँप एभोकाडो अम्बा कागती बुद्दचित्त टिमुर हरु विरुवाको माग संकलन गरिएको। |
| ७. | रसायनिक मल ढुवानी अनुदान कार्यक्रम | ४ लाख | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन भएको। |

| | | | | |
|---|---|---|---|---|
| ८. | फौजी किरा ,ढुसी जन्य, प्राकृतिक प्रकोप,अतिवृष्टि आदि बाट क्षति न्यूनिकरण कार्यक्रम | ४ लाख | | बाली संरक्षण प्रविधिहरु विषादीहरु तथा विभिन्न पासोहरु खरिदको क्रममा रहेको। |
| ९. | सञ्चार तथा प्रचार प्रसार खर्च कृषि | पचास हजार | ५६% | माटो नमुना संकलन, कृतिम गर्भाधान, फलफुल बगैंचा व्यवस्थापन आदि संग सम्बन्धित लिफलेट छापिएको। |
| १०. | माटो ल्याब तथा माटो संरक्षणका लागि सामाग्री खरिद | १५०००० | ४६% | माटो जाँचका लागि आवश्यक पर्ने रि एजेन्ट तथा रसायन खरिद<br>एकिकृत घुम्ती शिविरमा १५वटा नमुना जाँच भएको। |
| ११. | अध्यक्ष कृषक कार्यक्रम | २ लाख | | बैसाखमा कार्यान्वियन गरिने |
| | | नेपाल सरकार सशर्त | | |
| १२. | मध्य पहाडी मकै बाली प्रवर्द्दन कार्यक्रम | ६ लाख ७५ हजार | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा २ वटा साझेदार संस्था छनोट भइ सम्झौता भइसकेको। |
| १३. | आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रम निरन्तरता | ६ लाख | | सूचना प्रकाशन भएर प्रस्तावकहरुको फिल्ड भेरिफिकेसन तथा ३ वटा साझेदार संस्था छनोट भइ सम्झौता भइसकेको। |
| | | | | |

## च. पशु सेवा केन्द्र

| क्र सं | कार्य विवरण | खोप तथा उपचार प्रदान गरिएको पशुपन्छी संख्या | लाभग्राही घरधुरी |
|---|---|---|---|
| १ | औषधी वितरण तथा परामर्श सेवा | ९७४१ | ७२३ |
| २ | प्रयोगशाला परीक्षण | ४९ | ३८ |
| ३ | माईनर सर्जरी | ४६ | ४३ |
| ४ | क्यास्ट्रेसन | ४१० | १०४ |
| ५ | कृत्रिम गर्भधारण | २२ | २२ |
| ७ | एफ एम डी रोग विरुद्ध खोप | १४०० | ९११ |
| ९ | रेविज रोग विरुद्ध खोप | २१२ | १७२ |

| | जम्मा | ११८८० | २०१३ |
|---|---|---|---|

## योजना तथा कार्यक्रम

| क. सं. | कार्यक्रम | विनियोजित बजेट | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| १. | पशु स्वास्थ्य औषधि खरिद | १५ लाख | | औषधी खरिद गर्ने कार्य सम्पन्न भएको र सबै वडा को सेवा केन्द्रहरु बाट औषधी वितरण भैरहेको |
| २. | उत्पादनमा आधारित पशुपालन प्रवर्दन कार्यक्रम | १० लाख | | साझेदार छनौट गरि सम्झौता गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ३. | बंगुर पालन प्रवर्दन कार्यक्रम | ५ लाख | | साझेदार छनौट गरि सम्झौता गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ४. | गाईभैंसी पालन प्रवर्दन कार्यक्रम | ८ लाख | | सूचना प्रकाशन गरि आवेदन संकलन भैसकेको। साझेदार छनौट गरिएको |
| ५. | बाख्रा पालन प्रवर्दन कार्यक्रम | ४ लाख | | साझेदार छनौट गरि सम्झौता गरि कार्यक्रम सञ्चालन भैरहेको |
| ६. | सहकारी संस्थासँगको सहकार्यमा कृषि प्रवर्दन सुनापति गा. पा. वडा नं. ४ | २० लाख | | सूचना प्रकाशन गरि साझेदार छनौट गरिएको |
| ७. | कृत्रिम गर्भधारण सेवा सञ्चालन तथा व्यवस्थापन | १.५ लाख | | कृत्रिम गर्भधारण सेवा नियमितरुपमा सञ्चालन भैरहेको छ |

## छ. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

| क.स | कार्यक्रमको नाम | विनियोजित रकम | खर्च प्रतिशत | बाँकी रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | तीज विशेष कार्यक्रम व्यवस्थापन अन्तर्गत ५ वटै वडा समेटी पालिका स्तरीय लोकगीत प्रतिस्पर्धा कार्यक्रम प्रतियोगिता सम्पन्न । | १,५०,०००/- | १००% | |
| २ | १६ दिने लैंगिक हिंसा विरुद्ध अभियान अन्तर्गत वडा स्तरीय बक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न कार्यक्रम। | २,००,०००/- | ८२% | |
| ३ | बालमैत्री स्थानीय शासन घोषणाका लागि पालिका स्तरीय तथा वडा स्तरीय अभिमुखीकरण तथा सामुहिक प्रतिवद्धता कार्यक्रम सम्पन्न थप कार्यक्रम गर्न बाँकी। | ३,००,०००/- | | |
| ४ | बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रमको लागि १५ दिने सूचना जारिभई भत्ता वितरण कार्यक्रम प्रक्रियाको चरणमा रहेको । | २,१६,००००/- | [illegible] | |
| ५ | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR)को लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन कार्यक्रम कार्यन्वयन प्रकृयामा रहेको । | ३,००,०००/- | सूचना | |
| ६ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GEDSI -AUDIT) कार्यक्रम कार्यन्वयनको चरणमा । | १,५०,०००/- | [illegible] | |

**प्रवाह गरेका सेवाहरु:**

| क.स | प्रवाह गरेका सेवाहरु: | प्राप्त उपलब्धिहरु | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक परिचयपत्र वितरण | ११९जनालाई । | ५४ | ६५ | |
| २ | अपाङ्गता परिचयपत्र वितरण | ३ जनालाई (ख) वर्ग | | ३ | परामर्श सेवा ४ जनालाई । |

साथै,

- अस्थायी बाल संरक्षण केन्द्र स्थापनाका लागी कार्यविधि निर्माणको चरणमा रहेको छ।
- बालकोष सञ्चालन कार्यका लागी कार्यविधि निर्माण सम्पन्न भएको छ। अन्य नियमित कार्यलयबाट गरिने दैनिक सेवा प्रवाहको कार्यहरु भईरहको छन्।

## ज. <u>प्रशासन शाखाः</u>

### प्रशासन शाखा तर्फको दरबन्दी

| क्र.स. | पद | तह | सेवा/समूह | दरबन्दी | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत | छैठौं | प्रशासन/सा.प्र. | २ | १ | |
| २. | प्रशासन सहायक | पाँचौं | प्रशासन/सा.प्र. | ४ | २ | |

### प्रशासन शाखाको कार्यसम्पादन

- ❖ कार्यपालिका, गाउँसभा, विषयगत समिति तथा अन्य बैठकका लागि समन्वय गर्ने कार्य गरिएको छ। दैनिक हाजिरी व्यवस्थापन गर्नुको साथै कर्मचारीको बिदा अभिलेख सम्बन्धी कार्यहरु गरिएका छन्। ५ जना नयाँ स्थायी नियुक्ति भई आएका कर्मचारीहरुको व्यवस्थापन र १ जना करार नियुक्ति गरिएको कर्मचारीको व्यवस्थापन गरिएको छ।
- ❖ कर्मचारीहरुको विवरण आवधिक गरी र सम्बन्धित निकायहरूमा पठाउने कार्यहरु गरिएको छ।
- ❖ मितिः२०८२ पुष १३ गतेदेखि १७ गतेसम्म ५ दिने एकीकृत घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिएको छ। जसमा १३ वट सेवाहरु सञ्चालन गरिएको थियो

भने ५१५ जना सेवा ग्राहीहरुले विविध सेवाहरु लिनु भएको छ। यस कार्यक्रममा वडा स्तरमा नै १७ वटा योजना सम्झौता गरिएको छ।

- मंसिर १८ गते सुनापति आधारभूत अस्पतालको समुद्घाटन कार्यक्रम र मंसिर २० गते सुनापति शिव मूर्तिको पुजा तथा समुद्घाटन कार्यक्रम आयोजनाको लागि सहजिकरण गरिएको छ।
- आ.व.२०८२/०८३ को पुष मसान्तमा करार अवधि समाप्त भएका जम्मा ५९ जना कर्मचारीहरुको करार का.स.मू गरी ६० जना कर्मचारीहरूको करार सम्झौता नवीकरण गरिएको छ।
- यस अवधिमा निर्मित १० वटा कार्यविधिहरुलाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गराउने कार्य समेत भएको छ।

**कार्यक्रमको नाम :** "एकीकृत घुम्ती शिविर कार्यक्रम" विवरण

कार्यक्रम अवधिः २०८२ पुष १३ देखि १७ सम्म ५ दिन।

<u>एकीकृत घुम्ती शिविरमा प्रदान गरिएका सेवाहरु</u>

१. व्यवसाय दर्ता र नवीकरण
२. ज्येष्ठ नागरिक परिचयपत्र कार्ड वितरण
३. अपांगता परिचयपत्र कार्ड नवीकरण
४. परामर्श सहित कृषि विषादी वितरण
५. कृषक समूह दर्ता
६. माटो परीक्षण
७. पशुजन्य औषधी वितरण
८. पशुको क्यास्ट्रेसन तथा अन्य सामान्य उपचार
९. रेबिजको खोप लगाउने
१०. योजना सम्झौता
११.३० वर्ष माथिका महिलाहरुलाई VIA SCreening सेवा
१२. प्रजनन् अंगहरुको जाँच र रिङ पेसरी राख्ने सेवा
१३. ५० वर्ष माथिका नागरिकहरुको आखाँको मोतिबिन्दु रोगको स्क्रिनिङ सेवा

वडाहरुमा सेवा लिएका सेवाग्राहीहरुको तथ्याङ्क:

| क.स. | शिविर सञ्चालन भएको स्थानको नाम | जम्मा सेवाग्राहीको संख्या | कैफियत |
|---|---|---|---|
| १. | वडा कार्यालय, वडा नं.१. गुन्सी | ५९ | |
| २. | वडा कार्यालय, वडा नं.२, दिमीपोखरी | १०४ | |
| ३. | वडा कार्यालय, वडा नं.३, हेलेदेवी | ५३ | |
| ४. | वडा कार्यालय, वडा नं.४, बेथान | १२८ | |
| ५. | वडा कार्यालय, वडा नं.५, खनियापानी | १६१ | |
| जम्मा संख्या | | ५१५ | |

## १. व्यवसाय दर्ता र नवीकरण

| सेवाहरु | संख्या( वटा) |
|---|---|
| व्यवसाय दर्ता | ४ |
| व्यवसाय नवीकरण | ४ |
| व्यवसाय इजाजतपत्र वितरण | ६ |
| व्यवसाय खारेज | २ |
| कृषक समूह नवीकरण | ४ |
| जलस्रोत नवीकरण | १ |

## २. योजना सम्झौता

| वडा नं. | योजना सम्झौता संख्यामा |
|---|---|
| १, गुन्सी | ७ |
| २, दिमीपोखरी | ९ |
| ३, हिलेदेवी | ० |
| ४, बेथान | १ |
| ५, खनियापानी | ० |
| जम्मा | १७ |

## ३.कृषि सेवा केन्द्रबाट प्रदान भएका सेवाहरु

| वडा नं. | माटो परीक्षण | औषधी वितरण |
|---|---|---|
| १, गुन्सी | १ | ८४ |

| | | |
|---|---|---|
| २. दिमीपोखरी | ३ | १५ |
| ३. हिलेदेवी | १ | १९ |
| ४. बेथान | ० | ४८ |
| ५. खनियापानी. | ४ | ४२ |
| जम्मा | ९ | २०८ |

४.पशु सेवा केन्द्रबाट प्रदान भएका सेवाहरु

| वडा नं. | रेबिज विरुद्धको सुई | क्यास्ट्रेसन | औषधी वितरण |
|---|---|---|---|
| १. गुन्सी | ३८ | ९ | १०५ |
| २. दिमीपोखरी | १३८ | ० | १२८ |
| ३. हिलेदेवी | ४८ | ० | ८२ |
| ४. बेथान | ५६ | ० | १७५ |
| ५. खनियापानी | ३६ | ६ | ५७ |
| जम्मा | ३१६ | १५ | ५४७ |

५. स्वास्थ्य शाखाबाट प्रदान गरिएका सेवाहरु

| वडा नं. | आँखाको मोतिबिन्दु जाँच र परामर्श सेवा | VIA SCreening सेवा | आङ खसेको महिलालाइ रिङ पेसरी राखेको | गर्भवती महिलाको लागि अल्ट्रासाउण्ड |
|---|---|---|---|---|
| १, गुन्सी | ६९ | ११ | | १ |
| २, दिमीपोखरी | १०४ | १८ | | ३ |
| ३, हिलेदेवी | ५३ | ४ | | ० |
| ४, बेथान | १२८ | २६ | | ० |
| ५, खनियापानी | १६१ | ९ | | ६ |
| जम्मा | ५१५ जना | ६८ जना | ९ जना | ९ जना |

८. प्रशासनिक सुधार तथा नवप्रवर्तन

- कार्यालयमा दर्ता, चलानी र फाइलिङ प्रणालीलाई व्यवस्थित गरिएको।
- कार्यालयमा दैनिक हाजिरी व्यवस्थापनका लागि इ-हाजिरीको व्यवस्थापन भएको
- सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा इ-हाजिरीको व्यवस्थापन भएको
- शाखागत कार्यविभाजन स्पष्ट रहेको।

९.पारदर्शिता र सुशासनका प्रयासहरू

- कार्यालयमा गुनासो तथा उजूरी पेटीकाको व्यवस्था गरिएको।

- प्रत्येक त्रैमासिक अवधिमा स्वतः प्रकाशन गर्ने गरिएको।
- वार्षिक रुपमा प्रगति प्रतिवेदन प्रकाशन गर्ने गरिएको।
- कार्यपालिका र गाउँ सभाका निर्णयहरु वेबसाइटमा प्रकाशन गर्ने गरिएको।
- सूचनाको हकको कार्यान्वयन गरिएको।

## १०. नवीनतम प्रयासहरु

सुनापति गाउँपालिका र मातहतका कार्यालयहरुमा प्रचलनमा रहेका विद्युतीय सेवाका माध्यमहरु

| क्र.स. | नाम | प्रयोजनको क्षेत्र |
|---|---|---|
| १. | suTRA | स्थानीय संचित कोष व्यवस्थापन |
| २. | PAMS | सार्वजनिक सम्पत्ति व्यवस्थापन |
| ३. | इ-हाजिरी | दैनिक हाजिरी व्यवस्थापन |
| ४. | VRSP-MIS | सामाजिक सुरक्षा तथा पञ्जीकरण |
| ५. | COPO-MIS | सहकारी क्षेत्र |
| ६. | Connect Kisan | कृषि क्षेत्र |
| ७. | IE-MIS | शिक्षा क्षेत्र |
| ८. | PPMO | पूर्वाधार क्षेत्र |
| ९. | R-MIS | राजस्व क्षेत्र |
| १०. | H-MIS | स्वास्थ्य क्षेत्र |

## ११. बैठकको विवरण

| क्र.स. | बैठकहरु | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १. | कार्यपालिका बैठक | ६ | |
| २. | गाउँ सभा अधिवेशन | १ | |
| ३. | कर्मचारी मासिक बैठक | ४ | |
| ४. | सुशासन तथा संस्थागत क्षमता विकास समिति बैठक | २ | |
| ५. | आर्थिक विकास समिति बैठक | १ | |
| ६. | सामाजिक विकास समिति बैठक | १ | |
| ७ | पूर्वाधार विकास समिति बैठक | १ | |
| ८. | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति बैठक | १ | |

| | | | |
|---|---|---|---|
| ९. | लेखा समिति | १ | |
| १०. | न्यायिक समिति | | |
| ११ | विधायन समिति | | |

समीक्षा बैठकहरु

| क.स. | समीक्षा कार्यक्रम |
|---|---|
| १. | कर्मचारी मासिक समीक्षा कार्यक्रम |
| २. | अर्धवार्षिक समीक्षा कार्यक्रम |

कार्यपालिका बैठक

| क.स. | मिति | उपस्थिति संख्या | निर्णय संख्या |
|---|---|---|---|
| १. | २०८२ मंसिर ५ | ८ | २४ |
| २. | २०८२ पुष १ | ९ | १९ |
| ३. | २०८२ पुष १५ | ८ | १९ |
| ४. | २०८२ माघ १ | ७ | १६ |
| ५. | २०८२ माघ १९ | ८ | १९ |
| ६. | २०८२ फागुन २८ | ७ | २१ |

गाउँ सभा अधिवेशन र निर्णय

| क.स. | मिति | अधिवेशन संख्या | उपस्थिति संख्या | निर्णय संख्या |
|---|---|---|---|---|
| १. | २०८२ पुष १० गते | १९ औं (हिउँदे अधिवेशन) | १४ | २० |

## झ. न्यायिक समिति

| कस. | उजुरी विवरण | मंसिर | पुष | माघ | फागुन | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | घर बनाउने क्रममा विवाद र सडक खण्डको बिचमा हिम पाइप ढल/ सम्बन्धमा। | २ | - | - | - | फछ्यौंट भएको (४ नं. वडा मेलमिलाप केन्द्र) |
| २. | जग्गा विवाद । | - | १ | - | - | छलफल हुन बाँकी |
| ३ | स्थलगत निरीक्षण गरी खिचला मेटाइ पाउँ । | | | | १ | छलफल हुन बाँकी |
| | जम्मा विवाद संख्या | २ | १ | - | १ | |

## ञ. उद्यम विकास शाखाबाट सम्पादित कामहरु

- ❖ उद्यम विकास समितिको बैठकको निर्णय बमोजिम स्तरोन्नती तर्फ तरकारी उत्पादन सम्बन्धी सिप विकास तालिम सञ्चालन प्रकृया, समूहमा प्लाष्टिक टनेला खरिद तथा हस्तान्तरण र सिप विकास तालिमको लागि वडा नं. २ छनोट कार्य सम्पन्न र तरकारी उत्पादन सम्बन्धी सिप विकास तालिम सञ्चालन प्रक्रियामा रहेको छ।
- ❖ आ.व. २०८१/०८२ मा गठन गरि सीप विकास तालिम पश्चात दर्ता गरिएका गृहिणी महिला उद्यमी समूहलाई उपलब्ध गराइएको विउँपूजी रकम कार्यान्वयनको अनुगमन , मासिक बचत तथा मासिक वैठक सञ्चालन कार्य सम्पन्न भएको छ।
- ❖ स्तरोन्नती तर्फ गलैंचा बुनाई सम्बन्धी सिप विकास तालिमको लागि वडा नं २, ३, ४ र ५ मा सहभागी छनोट कार्य सम्पन्न भएको छ ।
- ❖ थाङका लेख्ने सम्बन्धी सिप विकास तालिम सञ्चालनको लागि वडा नं. ३, ४ र ५ मा सहभागी छनोट कार्य सम्पन्न भएको छ ।
- ❖ थाङका तथा गलैंचा बुनाई सिप विकास तालिम सञ्चालनको लागि संस्था छनोट कार्य अघि बढाइएको छ।
- ❖ ड्राइभिङ सम्बन्धी सिप विकास तालिमको लाभग्राही छनौटको लागि सूचना प्रकासन गरी निवेदन संकलन कार्य भइरहेको छ।
- ❖ औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा स्टार्टअप उद्यम कर्जा २०८२ का लागि परियोजना प्रस्ताव पेश गर्ने उद्यमहरुको स्थलगत निरीक्षण फारम भरी सिस्टममा प्रवृष्टी गर्ने कार्य सम्पन्न भएको छ । जसमा वडा नं -१ मा शतलिङ्गेश्वर कृषि फर्म तथा रिसर्च सेन्टर प्रा.लि. , वडा नं २ मा कृपा समर्पण पोल्ट्री लिंक प्रा.लि., वडा नं. ३ मा लामा थाङ्का आर्ट उद्योग, क्वालीटी कार्पेट उद्योग र सुनापति बहुउदेश्य कृषक समूह र वडा नं ५ मा सुनापति उर्जा प्रा.ली. र लीलावती पशु तथा कृषि फर्म रहेका छन्।

## ट. रोजगार सेवा केन्द्र, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

- ✓ सबै वडाहरुबाट रोजगार आयोजना संकलन भई सर्भे र लागत अनुमान तयारीको काम भएकोछ।
- ✓ वडा न १ को २ वटा रोजगार योजना सम्झौता भई काम भईरहेकोछ।
- ✓ वडा न २ को १ वटा रोजगार योजना सम्झौता भई काम भईरहेको छ।
- ✓ रोजगारीको शिलशिलमा साउदी अरबमा मृत्यू भएको वडा न. ४ को राजेश खत्रीको शव नेपाल ल्याउन सहजीकरण गरिएको र विमा, सामाजिक सुरक्षा कोष र वैदेशिक रोजगार वोर्डबाट पाउने कल्याणकारी सहयोग उपलब्ध गराउन सहजीकरण गरिएको छ।

- ✓ बैदेशिक रोजगारीमा रहेका सन्ततीका परिवारहरुमा वडा नं. ३ को १ जना, वडा नं. ४ को १ जना र वडा नं. ५ को २ जना गरी (४ जना क्यान्सर पिडित) को उपचार सहायताको लागि प्रक्रियागत सहजीकरण जारी रहेको छ ।
- ✓ कामदार आफै अंगभंग भई विरामी परेको उपचारका लागि २ जनाको सहजीकरण भएको छ।
- ✓ गरिवी निवारण कार्यक्रमको लागि वागमती प्रदेश सहकारी तथा गरीवी निवारण मन्त्रालयसंग सम्झौता गरि लाभग्राही पहिचान कार्य सम्पन्न भएको छ।
- ✓ कार्यक्रमको नियमित प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित निकायहरुमा पेश गरिएको छ।
- ✓ उद्यम विकास रणनीति तयारी भएको छ ।

## ठ.सामी रोजगार प्रवर्द्धन कार्यक्रम

१. बार्षिक लक्ष्य ३० जनालाई मनोपरामर्श सेवा प्रदान गर्ने रहेकोमा यस वर्षको हालसम्ममा ११ जनालाई मनोपरामर्श साथै २१ हसे वित्तीय साक्षरता कक्षामा समेत सहजीकरण गरिएको छ।

२. बैदेशिक रोजगार सम्बन्धी समुदाय अभिमुखीकरण कार्यक्रम ७ वटा सम्पन्न भएको छ।

३. एक्काइस हसे वित्तीय साक्षरता कार्यक्रम २ वटा समुहमा नियमित रुपमा संचालन भइरहेको छ।

४. एक दिने वित्तीय साक्षरता कार्यक्रम ४ वटा समुहमा संचालन गरी सम्पन्न भएको छ ।

५. तीन दिने वित्तीय साक्षरता कार्यक्रम एउटा समुहमा संचालन गरी सम्पन्न भएको छ।

६. पाँच वटा माध्यमिक विद्यालयहरुमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको छ ।

**वडागत रुपमा भएको सेवा प्रवाह तथा प्रगति विवरणः**

| वडा न. | प्रथम चौमासिक राजश्व | जन्मदर्ता | मृत्यू दर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | वसाई सराई घरधुरी | जम्मा सिफारिस | वडा समितिको बैठक |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३,०६,००८.८१/- | ४५ | १० | ८ जोडि | - | ८ परिवार | ७९६ | १७ |
| २ | ३,३९,६३६/- | ४८ | १७ | ३० जोडी | १ जोडी | २ परिवार | ३४० | १२ |
| ३ | ३,१८,४२५.५६/- | ७३ | ८ | १९ जोडी | १ जोडी | १ परिवार | ३९५ | १२ |
| ४ | २,१०,५८१/- | ९० | ४२ | ३४ जोडी | १ जोडी | ४ परिवार | ५५८ | १२ |
| ५ | ४,९३,२८४.२३/- | ३१ | १० | १७ जोडी | २ जोडी | २ परिवार | ४०५ | १२ |

५. गुनासो तथा उजुरी व्यवस्थापन

यस कार्यालयको सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा कुनै गुनासो तथा उजुरी भएमा गुनासो सुन्ने अधिकारीको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाका शिक्षा अधिकृत श्री कमल बहादुर बमलाई तोकिएको छ। हालसम्म गुनासो सुन्ने अधिकारीको कुनै गुनासो तथा उजुरी पर्ने गरेको विवरण छैन। कार्यालय प्रमुख र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरु समक्ष प्राप्त उजुरीहरु कार्यपालिका बैठक तथा कर्मचारी बैठकहरु मार्फत समाधान गर्ने गरिएको छ।

६. प्रमुख उपलब्धिहरु

यस चौमासिक अवधिमा भएका प्रमुख उपलब्धिहरु यस प्रकार छन्

क. सुनापति आधारभूत अस्पतालको औपचारिक समुद्घाटन भई २४ सै घण्टा सेवा सुचारु गरिएको।

ख. सुनापति डाँडाको शिव मूर्तिको प्राण पुजा तथा समुद्घाटन गरी धार्मिक पर्यटन प्रवर्धन गरिएको।

ग. बागमती प्रदेश लोकसेवा आयोगबाट ५ जना पूर्वाधार, कृषि र पशु प्राविधिक र शिक्षा प्राविधिक कर्मचारीको पदपूर्ति भएको।

घ. एकीकृत घुम्ती शिविरबाट गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाइएको।

ङ. उपभोक्ता समितिहरुबाट कार्यान्वयन भएका योजनाहरुको अनुगमन र भुक्तानी भएको।

च. LGPAS सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन र विवरण प्रविष्टि भएको।

छ. सुनापति गाउँपालिकाले सञ्चालन गरेको सेवा प्रवाह र विकास निर्माणको अभ्यासहरुमध्ये सुनापितको धार्मिक पर्यटन प्रवर्धनको लागि सुनापति डाँडा शिव मूर्ति निर्माण योजना र १०८ लहरेमाने निर्माण योजना रामेछाप जिल्लाको ६ वटा गाउँपालिकामध्ये उत्कृष्ट असल अभ्यासको रुपमा छनौट भएको।

ज. २०८२ फागुन २१ को चुनाव पछि आँखाको मोतियाविन्दु निःशुल्क शल्यक्रिया शिविर सञ्चालन गरी ५६ जनाको सफल शल्यक्रिया गरिएको।

७. समस्या तथा चुनौतिहरु

सुनापति गाउँपालिकाको सेवा प्रवाह गर्ने क्रममा विविध समस्या तथा चुनौतिहरु देखिएको छ। ती समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेका छन्

क. कर्मचारीको टिकाउ र दक्षता।

ख. जनचेतना अभिवृद्धि।

ग. स्रोतको व्यवस्थापन।

घ. योजना निर्माण सम्पन्न पश्चात दिगो उपयोग र संरक्षण।

ङ. सेवाको विविधिकरण तथा सेवाग्राहीहरुको उपलब्धता।

च. दिर्घकालीन, रोजगार सिर्जना तथा गरिबी निवारण गर्ने खालका योजनाको छनौट र कार्यान्वयन।

छ. संस्थागत सशक्तिकरण।

ज. कमजोर आन्तरिक आय।

झ. विवद् व्यवस्थापन।

८. सुधारका उपायहरु

यस सार्वजनिक सुनुवाईबाट सबै सम्बद्ध पक्षहरुबाट उपयुक्त सुधार तथा सुझावको लागि अनुरोध छ।

९. निष्कर्षः

सार्वजनिक सुनुवाइ कार्यक्रम हरेक सार्वजनिक निकायहरुको नियमित कार्य तथा जिम्मेवारी हो। यसले सार्वजनिक निकायहरुबाट प्रवाह हुने सेवा प्रवाहलाई थप प्रभावकारी तथा पारदर्शि र नागरिक केन्द्रित सेवा प्रदान गर्न मद्धत गर्दछ भने यस कार्यक्रमलाई पभावकारी बनाउन सेवा ग्राही नागरिकहरुको बढी भन्दा बढी सहभागिता हुन आवश्यक छ।

१०. सुझाव संकलन

अध्यक्ष तथा उपाध्यक्ष सहित सबै उपस्थित जनप्रतिनिधि लगायत शाखा प्रमुख र सम्बद्ध कर्मचारीहरुले प्राप्त सुझावहरु टिपोटको लागि विनम्र अनुरोध छ।

# अनुसुची-४

## बहिर्गमन अभिमत (Exit poll)

| नागिरक प्रतिवेदनमा सहभागी भएकाहरुको जातिगत अवस्था | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ब्राम्हण क्षेत्री | आदीबासी | दलित | अल्पसंख्यक | लोपउन्मुख |
| अंकमा | ११ | २७ | २ | ० | ० |
| प्रतिशतमा | २८ | ६८ | ५ | | |

| सेवाग्राहीको शिक्षा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | निरक्षर | सामान्य साक्षरता | प्रावि | आधारभूत | मावि | स्नातक | स्नाक्तोर | अन्य प्राविधिक शिक्षा |
| अंकमा | १२ | १२ | २ | ४ | ८ | २ | ० | ० |
| प्रतिशतमा | ३० | ३० | ५ | १० | २० | ५ | ० | ० |

| सेवाग्राहीको लिङ्ग | | |
|---|---|---|
| जम्मा | महिला | पुरुष |
| अंकमा | ७ | ३४ |
| प्रतिशतमा | १७ | ८३ |

| उमेर | | | | |
|---|---|---|---|---|
| जम्मा | १६ भन्दा कम | १६-३२ | ३२-६० | ६० भन्दा माथि |
| अंकमा | ० | १ | २५ | १४ |
| प्रतिशतमा | ० | ३ | ६३ | ३५ |

| पेशा | | | |
|---|---|---|---|
| जम्मा | कृषि | शिक्षक | अन्य |
| अंकमा | ३७ | १ | २ |
| प्रतिशतमा | ९३ | ३ | ५ |

## नागरिक अभिमत (सन्तुष्टि वा असन्तुष्टि)

| १ तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | | | |
|---|---|---|---|
| जम्मा | सन्तुष्टि | ठिकै | असन्तुष्टी |
| अंकमा | २६ | १४ | ० |
| प्रतिशतमा | ६५ | ३५ | ० |
| २ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | | | |

| जम्मा | सन्तुष्टि | ठिकै | असन्तुष्टी |
|---|---|---|---|
| अंकमा | २१ | १९ | ० |
| प्रतिशतमा | ५३ | ४८ | ० |

**३ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

| जम्मा | सन्तुष्टि | ठिकै | असन्तुष्टी |
|---|---|---|---|
| अंकमा | २३ | १७ | ० |
| प्रतिशतमा | ५८ | ४३ | ० |

**४. कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने**

| जम्मा | विश्वस्ता | ठिकै | अविश्वस्ता |
|---|---|---|---|
| अंकमा | ३० | १० | ० |
| प्रतिशतमा | ७५ | २५ | ० |

**५ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? तिरेको छैन र ?**

| जम्मा | एकदमै कम | धेरै तिरेको | नतिरेको |
|---|---|---|---|
| अंकमा | ० | ० | ४० |
| प्रतिशतमा | ० | ० | १०० |

**६ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?**

| जम्मा | एक दिन | दुई दिन | धेरै दिन |
|---|---|---|---|
| अंकमा | ४० | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

**७ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

| जम्मा | विश्वस्ता | ठिकै | अविश्वस्ता |
|---|---|---|---|
| अंकमा | ३८ | २ | ० |
| प्रतिशतमा | ९५ | ५ | ० |

**८ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?**

| जम्मा | धेरै | ठिकै | गरेको छैन् |
|---|---|---|---|
| अंकमा | १९ | २१ | ० |
| प्रतिशतमा | ४८ | ५३ | ० |

**९ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?**

| जम्मा | धेरै | ठिकै | विश्वास छैन् |
|---|---|---|---|
| अंकमा | २४ | १६ | ० |
| प्रतिशतमा | ६० | ४० | ० |

| **१०.यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?** | | | |
|---|---|---|---|
| जम्मा | छ | छैन | अलि अलि थाहा छ |
| अंकमा | ३६ | ४ | ० |
| प्रतिशतमा | ९० | १० | ० |

| **११ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?** | | | |
|---|---|---|---|
| जम्मा | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| अंकमा | ३९ | १ | ० |
| प्रतिशतमा | ९८ | ३ | ० |

| **१२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?** | | | |
|---|---|---|---|
| जम्मा | आफै | गाउँका ठुलाबडाको | मध्यस्ताकर्ता |
| अंकमा | ४० | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

| **१३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?** | | | |
|---|---|---|---|
| जम्मा | एक पटक | दुइ पटक | सो भन्दा बढी |
| अंकमा | ४० | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

| **१४ कार्यालयको भौतिक अवस्था कस्तो छ ?** | | | |
|---|---|---|---|
| जम्मा | अति राम्रो | ठिकै | नराम्रो |
| अंकमा | १४ | २६ | ० |
| प्रतिशतमा | ३५ | ६५ | ० |

| **१५ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?** | | | |
|---|---|---|---|
| जम्मा | छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| अंकमा | ३१ | ९ | ० |
| प्रतिशतमा | ७८ | २३ | ० |

| **१६ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?** | | | |
|---|---|---|---|
| जम्मा | अति राम्रो | ठिकै | खासै राम्रो छैन् |
| अंकमा | २७ | १३ | ० |
| प्रतिशतमा | ६८ | ३३ | ० |

| **१७ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?** | | | |
|---|---|---|---|
| जम्मा | २० प्रतिशत | १० प्रतिशत | थाहा छैन |
| अंकमा | २६ | १४ | ० |

| | | | |
|---|---|---|---|
| प्रतिशतमा | ६५ | ३५ | ० |

| १८ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | | | |
|---|---|---|---|
| जम्मा | छ | ठिकै छ | प्रतिनिधित्व स्वाटै कम छ |
| अंकमा | ३० | १० | ० |
| प्रतिशतमा | ७५ | २५ | ० |

| १९ नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | | | |
|---|---|---|---|
| जम्मा | धेरै | कम | गरेको छैन |
| अंकमा | ३६ | ४ | ० |
| प्रतिशतमा | ९० | १० | ० |

| २० तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | | | |
|---|---|---|---|
| जम्मा | धेरै | ठिकै | अति कम |
| अंकमा | २९ | ११ | ० |
| प्रतिशतमा | ७३ | २८ | ० |

| २१ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | | | |
|---|---|---|---|
| जम्मा | धेरै भएको छ | ठिकै भएको छ | भएकै छैन |
| अंकमा | २७ | १३ | ० |
| प्रतिशतमा | ६८ | ३३ | ० |

## नागरिक प्रतिवेदन पत्र

| १ शिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ? | | | |
|---|---|---|---|
| जम्मा | पाएँ | ठिकै पाएँ | स्पष्ट पाएँ |
| अंकमा | ३२ | ८ | ० |
| प्रतिशतमा | ८० | २० | ० |

| २ कुनै शिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्यो ? | | | |
|---|---|---|---|
| जम्मा | दिएँ | थोरै दिए | मागिएन र दिइएन पनि |
| अंकमा | ० | ० | ४० |
| प्रतिशतमा | ० | ० | १०० |

| ३ त्यहाँबाट दिने शिफारिस लिंदा कसको सहयोग लिनुभयो ? | | | |
|---|---|---|---|
| जम्मा | आफैं | मध्यस्ता कर्ता वा कार्यालयकै मान्छे | नेता वा ठुलाबडा |
| अंकमा | ३९ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

| | | | |
|---|---|---|---|
| ४ राजस्व, शुल्क तथा दस्तुर को कससँग उठाउने गर्दछन् ? | | | |
| जम्मा | नियमानुसार | सबैसँग कर उठाउँछन् | पूर्वाधार तथा सरसफाई सम्बन्धी |
| अंकमा | ४० | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |
| ५ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? | | | |
| जम्मा | राम्रो | ठिकै | खराब |
| अंकमा | १८ | २१ | ० |
| प्रतिशतमा | ४६ | ५४ | ० |
| ६ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? | | | |
| जम्मा | तुरुन्तै | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भने पनि हुन्न |
| अंकमा | ३९ | १ | ० |
| प्रतिशतमा | ९८ | ३ | ० |
| ७ तपाईको विचारमा जि.स.स./न.पा./गा.पा. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ? | | | |
| जम्मा | नियमित र राम्रो सँग | ठिकै गर्छ | नियमित रुपमा गर्दैनन |
| अंकमा | २२ | १८ | ० |
| प्रतिशतमा | ५५ | ४५ | ० |
| ८ तपाईको गा.पा./ न.पा. मा विकास निर्माणको स्थिति कस्तो छ ? | | | |
| जम्मा | राम्रो | ठिकै | खराब |
| अंकमा | १८ | २२ | ० |
| प्रतिशतमा | ४५ | ५५ | ० |
| ९ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ? | | | |
| जम्मा | प्रभावकारी छन | ठिकै छन् | प्रभावकारी छैनन् |
| अंकमा | २५ | १५ | ० |
| प्रतिशतमा | ६३ | ३८ | ० |
| १० योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | | | |
| जम्मा | सहज | ठिकै | अफ्ठ्यारो पार्छन |
| अंकमा | १९ | २१ | ० |
| प्रतिशतमा | ४८ | ५३ | ० |
| ११ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? | | | |
| जम्मा | पर्दैन | मागेर लिन्छन | रकम नदिए अफ्टयारो पार्छन |
| अंकमा | ४० | | |

| | | | |
|---|---|---|---|
| प्रतिशतमा | १०० | | |

**१२ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?**

| जम्मा | सजिलै पाइयो | कहिलेकाही पाइयो | माग गर्दा पनि पाइएन |
|---|---|---|---|
| अंकमा | ३५ | ४ | ० |
| प्रतिशतमा | ९० | १० | ० |

**१३ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**

| जम्मा | सजिलै पान्छ | सोधे पछि पान्छ | सोधे पनि पाइदैन |
|---|---|---|---|
| अंकमा | २५ | १५ | ० |
| प्रतिशतमा | ६३ | ३८ | ० |

**१४ सार्वजनिक निकायको आचारसंहिता पालना भएको छ ?**

| जम्मा | पालन भएको छ | ठिकै पालना भएको छ | कत्ति पनि पालना भएको छैन् |
|---|---|---|---|
| अंकमा | २६ | १४ | ० |
| प्रतिशतमा | ६५ | ३५ | ० |

**१५ योजना सञ्चालन गर्दा जि.स.स./न.पा./गा.पा. बाट कत्तिको सहयोग पाउनु भएकोछ ?**

| जम्मा | धेरै सहयोग पाएको छु | ठिकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
|---|---|---|---|
| अंकमा | २७ | १३ | ० |
| प्रतिशतमा | ६८ | ३३ | ० |

**१६ (क) कार्यालयको आर्थिक श्रोत कस्तो छ ?**

| जम्मा | आवश्यक श्रोत उपलब्ध छ | कम श्रोत उपलब्ध छ | अति कम श्रोत उपलब्ध छ |
|---|---|---|---|
| अंकमा | १३ | २७ | ० |
| प्रतिशतमा | ३३ | ६८ | ० |

**१६ (ख) काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?**

| जम्मा | अति सरल | ठिकै | जटिल |
|---|---|---|---|
| अंकमा | २७ | १३ | ० |
| प्रतिशतमा | ६८ | ३३ | ० |

**१६ (ग) कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| जम्मा | आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप नै कम छ |
|---|---|---|---|
| अंकमा | ३९ | १ | ० |
| प्रतिशतमा | ९८ | ३ | ० |

**१६ (घ) सार्वजनिक निकायको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देखुभयो ?**

| जम्मा | टाँसेको देखेको छु | कहिलेकही टाँसेको देखिन्छ | खै कतै देखिएन |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| अंकमा | २४ | १६ | ० |
| प्रतिशतमा | ६० | ४० | ० |

| **१७ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?** | | | |
|---|---|---|---|
| जम्मा | ठिकै छ | ठिकै मुल्यांकण हुने गरेको छ | कहिल्यै पनि भएको थाहा छैन् |
| अंकमा | ३१ | ९ | ० |
| प्रतिशतमा | ७८ | २३ | ० |
| **१८ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?** | | | |
| जम्मा | सन्तुष्ट | ठिकै | कुनै जानकारी नै छैन |
| अंकमा | २४ | १६ | ० |
| प्रतिशतमा | ६० | ४० | ० |
| **१९ न पा वडामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?** | | | |
| जम्मा | १ पटक | २ पटक | कार्यक्रमको बारेमा कुनै जानकारी नै छंन |
| अंकमा | ९ | ३१ | ० |
| प्रतिशतमा | २३ | ७८ | ० |
| **२० न पा वडामा वार्षिक अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?** | | | |
| जम्मा | धेरै | कम | भएकै छैन |
| अंकमा | २७ | ११ | २ |
| प्रतिशतमा | ६८ | २८ | ५ |
| **२१ न पा वडामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?** | | | |
| जम्मा | भएको छ | अहिले सम्म संचालन भएको छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| अंकमा | २० | ६ | १४ |
| प्रतिशतमा | ५० | १५ | ३५ |

| **२२ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?** | | | |
|---|---|---|---|
| जम्मा | धेरै | ठिकै | कम |
| अंकमा | २१ | १८ | १ |
| प्रतिशतमा | ५३ | ४५ | ३ |
| **२३ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?** | | | |
| जम्मा | संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेकै छैन | कुनै जानकारी नै छैन |
| अंकमा | १६ | ८ | १५ |

| | | | |
|---|---|---|---|
| प्रतिशतमा | ४१ | २१ | ३८ |
| **२४ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?** | | | |
| जम्मा | धेरै जानकारी पाएको छु | ठिकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| अंकमा | २४ | १० | ६ |
| प्रतिशतमा | ६० | २५ | १५ |

*(श्रोतः सार्वजनिक सुनुवाइ गर्ने प्रहार मिडिया प्रा.लिका प्रतिनिधिहरुद्वारा वडा नं १ देखि वडा नं ५ सम्ममा पुगेर स्थलगत रुपमा गरेको सर्वेक्षण, २०८३ वैशाख )*

## अनुसुची-५

## पत्रपत्रिका तथा अनलाइनमा प्रकाशित सार्वजनिक सुनुवाईका समाचारहरु

रा.जि.हु.द.नं. ०१/२०७८/०७९ जि.प्र.का.द.नं. ३२/२०७७/०७८

प्रहार खबर साप्ताहिक

website: www.hamroprahar.com Prahar Khabar weekly

वर्ष- ६ अंक १६ वैशाख १३ गते आइतवार २०८३ ( 26 Apr. 2026, Sunday) मूल्य रु १०/-

# सुनापति गाउँपालिकाको ८ महिनाको वित्तीय प्रगति ४२ प्रतिशत मात्रै

प्रहार खबर/रामेछाप

सुनापति गाउँपालिका को चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिकसम्मको वित्तीय प्रगति ४२.३४ प्रतिशत पुगेको छ। गाउँपालिकाले शुक्रबार आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरिएको प्रगति विवरणअनुसार आठ महिनाको अवधिमा चालु तथा पुँजीगत शीर्षक गरी समग्र खर्च ४२.३४ प्रतिशत भएको हो।




गाउँपालिकामा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठले प्रस्तुत गरेको संक्षिप्त प्रगति विवरणअनुसार चालुतर्फ ५५.५८ प्रतिशत खर्च भएको छ भने पुँजीगततर्फको खर्च १९.९६ प्रतिशत मात्रै रहेको छ। पुँजीगत खर्च अपेक्षाकृत कम देखिए पनि अधिकांश विकास निर्माणका योजनाहरु कार्यान्वयनको चरणमा रहेको र असार मसान्तभित्र सम्पन्न गर्ने गरी काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिए। उनका अनुसार चालु आर्थिक वर्षका लागि गाउँपालिकाले स्वीकृत गरेका नीति तथा कार्यक्रमअनुसार शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी, सामाजिक सुरक्षा तथा प्रशासनिक सेवा प्रवाहसँग सम्बन्धित अधिकांश कार्यक्रम कार्यान्वयनमा गइसकेका छन्। कतिपय योजनाको ठेक्का प्रक्रिया सम्पन्न भएर निर्माण कार्य अघि बढिरहेको र केही योजनाको भुक्तानी प्रक्रिया अन्तिम चरणमा पुगेको उनले बताए। प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले गाउँपालिकाले नियमित सेवा प्रवाहलाई प्रभावकारी बनाउन विशेष ध्यान दिएको उल्लेख गर्दै नागरिकलाई सहज र छिटो सेवा उपलब्ध गराउने प्रयास जारी रहेको बताए। जन्मदर्ता, मृत्युदर्ता,

बाँकी पृष्ठ ६ मा

भित्रि पृष्ठमा

## सुनापति गाउँपालिकाको ८...

सामाजिक सुरक्षा भत्ता वितरण, सिफारिस, कृषि तथा पशु सेवा, स्वास्थ्य सेवा लगायतका आधारभूत सेवाहरु नियमित रुपमा सञ्चालन भइरहेको उनको भनाइ थियो।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधि, स्थानीय नागरिक, पत्रकार तथा सरोकारवालाहरुले गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणका कामबारे विभिन्न जिज्ञासा तथा सुझाव राखेका थिए। उनीहरुले विशेषगरी सडक स्तरोन्नति, खानेपानी, कृषि उत्पादन वृद्धि, युवामैत्री कार्यक्रम, स्वास्थ्य सेवा विस्तार तथा योजनाको प्रभावकारी अनुगमनमा गाउँपालिकाले थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका थिए।

स्थानीयहरुले गाउँपालिकाबाट सञ्चालन भएका अधिकांश कार्यक्रम पारदर्शी र नागरिकमैत्री रहेको उल्लेख गर्दै सार्वजनिक सुनुवाइलाई नियमित बनाइएकोमा सकारात्मक प्रतिक्रिया दिएका थिए। यद्यपि आगामी दिनमा अझ धेरै स्थानीय नागरिकको सहभागिता सुनिश्चित हुने गरी वडा-वडामा पुगेर यस्ता कार्यक्रम सञ्चालन गर्न सुझाव दिएका थिए।

कार्यक्रममा उठेका प्रश्न तथा गुनासाको जवाफ दिँदै गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङले सार्वजनिक सुनुवाइमा कम गुनासा आउनु गाउँपालिकाका लागि सकारात्मक पक्ष भएको बताए। उनले नागरिकका सुझावलाई सुधारको अवसरका रुपमा लिइने उल्लेख गर्दै आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, छिटो र नागरिकमैत्री बनाइने प्रतिबद्धता व्यक्त गरे। अध्यक्ष तामाङले गाउँपालिकाले सीमित स्रोत र साधनका बीच पनि विकास निर्माण तथा आधारभूत सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए। उनले चालु आर्थिक वर्षभित्रै अधिकांश योजनाहरु सम्पन्न गर्ने लक्ष्यका साथ कर्मचारी र जनप्रतिनिधिहरु सक्रिय रुपमा खटिएको जानकारी दिए।

त्यस्तै कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष गिता विष्ट, गाउँपालिकाका प्रवक्ता तथा वडा नं. २ का वडाध्यक्ष पदमबहादुर थापा, वडा नं. १ का वडाध्यक्ष ध्रुव प्रसाद चौलागाई, वडा नं. ३ का वडाध्यक्ष कुल बहादुर थिङ, वडा नं. ४ का वडाध्यक्ष डन्डुप लामा तथा वडा नं. ५ का वडाध्यक्ष चित्र बहादुर मानन्धर लगायतले स्थानीय नागरिकले उठाएका जिज्ञासा र गुनासाको जवाफ दिएका थिए।

गाउँपालिकाको आयोजना तथा प्रहार मिडिया प्रालिको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा कार्यक्रमअघि प्रत्येक वडामा पुगेर स्थानीय नागरिकसँग प्रत्यक्ष छलफल गरी तयार पारिएको नागरिक प्रतिवेदन पनि कार्यक्रममा प्रस्तुत गरिएको थियो।

उक्त नागरिक प्रतिवेदनमा स्थानीयहरुले विकास निर्माणको गुणस्तर सुधार, योजनाको प्रभावकारी कार्यान्वयन, कृषि तथा रोजगारमूलक कार्यक्रम विस्तार, शिक्षा र स्वास्थ्य क्षेत्रमा थप लगानी तथा सेवाप्रवाहमा सहजता ल्याउनुपर्ने सुझाव दिएका थिए। गाउँपालिकाले ती सुझावहरुलाई आगामी नीति तथा कार्यक्रममा समेट्दै समाधानमुखी ढंगले अघि बढ्ने प्रतिबद्धता जनाएको छ।

सार्वजनिक सुनुवाइ कार्यक्रमलाई स्थानीय सरकार र नागरिकबीच प्रत्यक्ष संवाद तथा जवाफदेहिताको महत्वपूर्ण माध्यमका रुपमा रहेकाले सहभागीहरुले यस्ता कार्यक्रमले जनप्रतिनिधि र नागरिकबीचको दूरी घटाउने, पारदर्शिता प्रवर्द्धन गर्ने तथा विकास निर्माणका कामलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए।

सुनापतिमा बजेट कार्यान्वयन ४२ प्रतिशत, सार्वजनिक सुनुवाइमा प्रगति सार्वजनिक

https://www.radiotiphadee.com.np/news-details/5471/2026-04-25